**प्रदेश सभा**

**सुदूरपश्चिम प्रदेश**

**२०७७/०४/२७**

**छैटौं अधिवेशन**

**(अठाइसौं वैठक)**

**बाचन पत्र (रीडिङ्ग पेपर)**

**पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

१. माननीय सदस्यहरु,

यस सभाको छैटौं अधिवेशनको अठाइसौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

२. माननीय सदस्यहरु,

मुख्यमन्त्री तथा मन्त्रीपरीषद्को कार्यालयबाट समसामयिक विषयमा बोल्नकालागि समय माग भैआएकोले मुख्यमन्त्री माननीय त्रिलोचन भट्टलाई समसामयिक विषयमा सभालाई जानकारी गराउन प्रदेश सभा नीयमावली, २०७४ को नीयम १९९ को उपनीयम (१) बमोजिम समय नीर्धारण गरेको छु।

**माननीय त्रिलोचन भट्टलाई समय दिन्छु ।**

माननीय सभामुख महोदय, आज प्रदेश सरकारको तर्फबाट र पछिल्लो प्रदेशको परिस्थिति कोरोनाले पारेको प्रभाव र वाढि पहिरो बिभिन्न जिल्लाहरुमा भयको प्रभाव लगायत विषयको लागि केहि कुरा सरकारको तर्फबाट राख्नुपर्ने र हामीले खास गरेर अहिले पछिल्लो चरणमा जुन परीस्थिति, जुन अवस्थामा हामी गुज्रिराखेका छौ विश्व ब्यापी रुपबाट बाट कोरोनाको संक्रमण बढिराखेको अवस्था र पछिल्लो चरणमा हाम्रो नेपालमा पनी बढि राखेको स्थिति र प्रदेशमा पनी कोरोनाको संक्रमण बढिराखेको अवस्था छ र यो सँगसँगै बाढि, पहिरो प्रकृतिक बिपतबाट हुने बिभिन्न रुपहरु प्रदेशमा थपियका छन । सर्बप्रथम म हाम्रो प्रदेशमा पछिल्लो चरणमा बाढि पहिरोबाट बिपत बाट र कोरोना संक्रमणबाट पनी मृत्युहुने सबैलाई श्रदान्जली दिन चाहान्छु शोकसन्तप्त परीवारलाई समवेदना प्रकट गर्न चाहान्छु घाईतेहरु र कामना गर्न चाहान्छु सभामुख महोदय पछिल्लो चरणको परीस्थिति हेर्ने हो भने हाम्रो प्रदेशमा असार देखि अहिले सम्म यो १ डेढ महिनाको अन्तरालामा खासगरी बर्षात सुरु भै सकेपछि धेरै जिल्लाहरुमा पहिरोले गर्दाखेरी नोक्सान भयको छ । जनधनको क्षति भयको छ र यसमा धेरै मान्छेले आफ्नो ज्यान पनी गुमायका छन म संक्षिप्तमा के भन्न चाहान्छु भने अहिले सम्म खासगरेर पछिल्लो हाम्रो असार १ गते देखि हिजो सम्मको मीतिसम्म ४३ जनाले ज्यान गुमाईसकेका छन, बिभिन्न प्राकृतिक प्रकोपले बझाङ बाजुरा बैतडि अछाम, दार्चुला, डोटि, कैलाली, कञ्चनपुरमा र हिजो मात्रै डोटिमा यउटास घर नै भत्कियर ४ जनाले हिजो मात्रै ज्यान गुमायका छन यो यकदम दुखद कुरा हो । यो सँगसँगै कैयौ

मान्छेहरु घाईते भयका छन, उपचारमा छन र उपचार पनी चलीराखेको छ र प्रदेश सरकारले त्यसको सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत र प्रदेश सरकारका नीकाय मार्फत स्थानीय सरकार मार्फत हामीले त्यसको उपचारको व्यवस्थाको लागि पनी प्रदेश सरकारले काम अगाडि बढायको छ र यो सँगसँगै डोटिमा, बाजुरा सदरमुकाम जोड्ने सडकनै भत्कियको छ र त्यस्तै बझाङको पनी कुरा आयको छ, बाजुराको पनी कुरा आयको छ र यहि कैलालीको भजनी लगायतका अरु स्थानीय तह हरुमा धेरै ठुलो नोक्सानी भयको छ प्रदेश  सरकारले यसको लागि लगत संकलन गरेर र कहा कुन ठाउको लागि के व्यवस्था गर्नुपर्छ । त्यसको लागि प्रदेश सरकार तयार छ र हामीले त्यसको लागि सम्बन्धित जिल्ला प्रशासन, स्थानीय तह र हाम्रो प्रदेशका आफ्नै निकायहरु बाट पनी त्यसको बिवरण लीने र कहा के गर्नुपर्छ सडक बनाउनुपर्ने ठाउमा तत्काल सडकलाई बनाउने कुरा तटबन्धन गर्ने कुरा व्यक्तिहरुका घर पुर्ण रुपबाट क्षति भयका छन भने त्यलाई व्यवस्थित गर्ने कुरा र पछिसम्म दिर्घकालीन योजनाको लागि पनी हामीले त्यो कामहरु अगाडि बढायका छौ र त्यहि अनुसार पनी प्रदेश सरकारले लगत लीयर आफ्नो कार्य अगाडि बढाईराखेको छ र सवै को उपचारको व्यवस्था पनी सँगसँगै अगाडि बढाईराखेको अवस्था छ र अजै पनी हाम्रो सुदुरपश्चिममा साउन मात्र होईन भदौ र असोजसम्म पनी कहिले काहि बाढि र पहिरो बिभिन् बिपत आऊने गर्छन र यसको लागि पनी प्रदेश सरकार सवै तयारी अवस्थामा छ किनभने बिपतलाई हामी तत्काल रोक्न नसके पनी बिपत आईसकेपछि छिटोभन्दा छिटोभन्दा उदार गर्ने कुरामा प्रदेश सरकार यकदम तयार छ र हामीले गरेका पनी छौ र धेरै क्षति रोक्नाको लागि पनी प्रदेश सरकार अगाडि बढिराखेको छ र हामी त्यो अवस्थामा हामीले सवै जिल्ला प्रशासन कार्यालयहरु मा त्यहाको बिपत व्यवस्थापन समीतिलाई र स्थानीय तहहरुमा के कुरा भनेका छौ भने कुनै पनी ठाउमा बिपत आईहाल्यो भने त्यो बिपतलाई तुरुन्त यसको रेस्क्यु गर्ने कुरा  र जन धनको क्षति रोक्नाको लागि प्रयास गर्ने कुरामा कुनै कमी रहनुहुदैन र त्यो अनुसार अगाडि बढ्नुपर्छ भनेर प्रदेश सरकारले भनी सकेको छ र प्रदेश सरकार पनी त्यो अनुसार पनी अगाडि बढिराखेको छ र त्यो कुरा हामीले बुज्नैपर्ने हुन्छ र सवैले मननै गर्नुपर्ने के कुरा छ भने अहिले जुन प्रकारको खासगरी पहाडमा जुन प्रकारको पहिरो आईराखेको छन जुन धेरै अली जटिल स्थिति भैराखेको छ र यसको बारेमा हामीले अलीकति बिकास नीर्माण गर्दाखेरी सडक निर्माण गर्दाखेरी अन्य कुनै बिकास का अगाडि बढाउदा खेरी ध्यानदिनुपर्ने र त्यहि योजना अनुसार हामीले अगाडि बढ्नुपर्ने चुनौतिपनी हाम्रो अगाडि छ हामी देखिराखेका छौ पहाडमा जसरी बिकासको गति अगाडि बढि राखेको छ हामी बिकासमा यकोहोरो रुपबाट ध्यान त दिराखेका छौ तर बिकाससँगसँगै आउने बिनास को रुपबाट हाम्रो ध्यान कम गैराखेको छ र यसको रुपबाट प्रदेश सरकार ले अब यउटा अध्ययन गरेर हाम्रो सहरहरु कस्ता बन्ने डुबान प्रत्येक बर्ष डुबान  भैरहने ठाउहरुमा अब दिर्घकालीन रुपमा के योजना बनाउने खासगरेर पहाडमा बन्ने सडकहरुलाई अब

कसरी व्यवस्थाप गर्ने र नदि कटानलाई कसरी रोक्न सकिने र यो कुरामा यउटा बिस्तृत अध्ययन गरेर हामीले अब आगामी दिनमा त्यलाई कार्यान्वियन  गरेर जानुपर्छ भनेर प्रदेश सरकारले कार्यक्रम अगाडि सारेको छ र छिटै नै हामी त्यसको बिधि बनायर हामी कार्यान्वनमा अगाडि लीयर जाने छौ र यसमा हामीले स्थानीय तहको हामीलाई सहयोग चाहिन्छ र आम जनताको हामीलाई सहयोग चाहिन्छ किनभने हामीले देखिराखेका छौ सडकँरी पानी भरीयको छ तर पनी कसरी भरीयको छ त्यसलाई हामीले रोक्न सक्छौ कि सक्दैन भन्ने कुराहरु हामीले छलफल गरेका छैनौ त्यसकारणले कैयौ बिपतहरु बिपत त आउछ नै तर त्यलाई आफ्नो नजिक र नोक्सानी पुर्याउनको लागि मानव पन त्यसको केहि न केहि दोषि छ त्यो बाट हामी माथि उठ्नु पर्छ र त्यहि अनुसार प्रदेश सरकारेल अगाडि जान खोजिराखेको छ सभामुख महोदय मार्फत म सवै सदनलाई जानकारी गराउन चाहान्छु यो सँगसँगै म सदनलाई सभामुख महोदय मार्फत धन्यबाद दिन चाहान्छु  हाम्रा माननीय ज्यु हरु यलाई विषयगत समितिहरुलाई जो ठाउठाउमा गयर कहा के नोक्सान भयको छ जनताको समस्या कहा भयको छ त्यो विषयमा उहाहरुले अनुहमन पनी गर्नु भयको छ र केहिसुझाव हरु त्यहाबाट पनी आउने छन र ति सुझावलाई पनी लीयर हामी अगा डि बढ्ने  छौ यो कुरा पनी म जानकारी गराउन चाहान्छु सभामुख महोदय कोरोनाको सवालमा जाने हो भने हामी सवैलाई थाहा छ चैत देखि हाम्रो प्रदेशमा कोरोनाको सुरुवात भयको थियो जब संघिय सरकारले लकडाउन सुरु गर्यो त्यसपछि हामी सक्रिय रुपबाट कोरोनाको रोकथामको लागि हामी अगाडि बढ्यौ प्रदेश सरकारले आफ्नो तहबाट हुने कुराहरु शिघ्रता को रुपबाट हामीले अगाडि बढायौ र अहिले सम्मको स्थिति हेर्ने हो भने हाम्रो प्रदेश सुरुमा समस्या शुरुमा यउटा प्रेशर हामीमा क्रेट भयको थियो जब चैतमा हाम्रो प्रदेशमा समस्या देखिसकेपछि त्यसपछि सेकेण्ड चरणमा पनी प्रदेशमा संक्रमण देखियो र ५ जना कोरोना संक्रमीत भैसकेछि हामी सवैलाई यउटा प्रकारको प्रेसर क्रेट भयको थियो माननीय सभामुख महो दय हामी जनप्रतिनीधिहरुलाई स्थानीय तहलाई र प्रदेश सरकार लगायत हामी सवैलाई यउटा प्रकारको प्रेसर क्रेट भयको थियो र यउटा छलफल यउटा कुरा नकारत्मक रुपबाट के चर्चा चलेको थियो अरु कुनै ठाउमा भने अब सुदुरपश्चिमबाट कोरोना को संक्रमण ब्यापक रुपबाट फैलीने भयो भनेर पनी चर्चा भयकै हो त्यो कुरा हामी सवैले सुनेकै हो त्यो कुरालाई हामी सवैले आफ्नो ठाउबाट सहयोग गर्यौं सक्रियरुपबाट अगाडि बढ्यौ हामीले केहि समयको लागि प्रदेश लाई कोरोना मुक्त प्रदेशको रुपमा घोषणा गर्यौं तर त्यो सधै कायम गर्ने कुरा थियन किनभने त्यतिखेरा पनी हामीले कुरा उठायका थियौ कि भारतमा जति जति कोरोना संक्रमण ब ढ्दै जान्छ त्यति त्यति नेपाललाई प्रभावित बनाउदै जान्छ किनभने हाम्रो ठुलो जनशक्ति भारतमा छ हाम्रो युवा पिढि भारतमा छ हाम्रो देशमा रोजगारीको व्यवस्थापन बिगत देखि बिगतका सरकारहरुले नगरेको कारणले बाध्य भयर भारतमा गयका छौ हामी त्यसकारणले पनी त्यहाबाट छिटो भन्दा छिटो हाम्रा दाजुभाइ समयमा नै यदि हामीले

नेपालमा भित्र्याउन सकेको भय सायद आज यो अवस्था आउने थियन हामीले मैले सार्बजनीक रुपबाट यो कुराहरु राखे र मैले संघिय सरकारसँग पनी यो बिषयमा कुरा गरे तर त्यो कुरा त्यति खेरा सुनुवाई भयन जतिखेरा लकडाउन भयको थियो नेपालमा चैतको महिना मलाई लाग्छ भारतमा २-३ सय को हाराहारीमा संक्रमण थियो र त्यतिखेरा नेपाली हरुलाई संक्रमण बढि सकेको थियन यदि त्यो अवस्थामा ल्याईदियको भय त्यो अवस्थामा हामीले हाम्रा दाजुभाइ हरुलाई सुरक्षित भित्र्याई दियको भय आज योअवस्था नेपालभर हुने थियन यो यकदम सत्य कुरा हो आज जति भयको छ त्यहि बाट हामीले भोगिराखेका छौ तर जर भय पनी आखिर यो कोरोनाको उपचार छैन यसको यो कहिले सम्म रहन्छ । यसको कुनै पनी तथ्य छैन कोहि पनी बोल्न सकेको छैन ठुलाठुला राष्ट्रहरु धेरै शक्तिशाली राष्ट्रहरु पनी यसको अगाडि सवै कुनै पनी शक्ति काम लागेको छैन यो हामी सवैलाई थाहा छ तर हाम्रो जस्तो देश जो आजसम्म हामी कमसेकम भयाभह स्थिति हुनबाट रोक्न सफल भयौ तर अज पनी हामी सफल अज पनी यदि रामी सचेत भयनौ अज पनी हामी यकदम सक्रियताको साथमा अगाडि बढ्न सकेनौ र आम नागरीकलाई यो प्रतिको यउटा कोरोनाको सम्बन्धमा सहि कुरा जानकारी र सचेतना फैलाउन सकेनौ भने अज भयाभह स्थिति आउन सक्ने स्थिति छ । त्यस कारणले पनी पर्देश सरकारले त्यो अनुसारको कार्यक्रम गर्ने कुरा प्रदेश सरकारले त्यो अनुसारको नीतिहरु तयार गर्ने कुरा त्यो अनुसारको कुराहरु अगाडि बढाउने कुरा प्रदेश सरकारको ति कुराहरु अगा डि सारेको छ र हामी अहिले सम्म सभामुख महोदय प्रदेश सरकार कोरोना रोकथामको लागि सफल नै छ । हामी असफल छैनौ किनभने हामीले मासमा कमसेकम मासमा कोरोना जानबाट अहिले सम्म हामीले रोकेका छम हामी चेकजाँच थपिराखेका छम त्यो अहिले सम्मको रीपोट हेर्ने हो भने छैन आज सम्मको रीपोट हेर्ने हो भने भोलीको बिषय भोली हेर्दै जाउला र अहिले देखियको कुरा गर्ने हो भने हाम्रो प्रदेशमा क्वारेन्टाईनमा बसेका ब्यक्तिहरु लगभग २ हजारको हाराहारीमा क्वारेन्टाइनमा छन । ब्यक्तिहरु अहिले पनी किनभने भारतबाट आउनेपुराहरु अहिले कम भएता पनी केहि कुराहरु आईराखेका छन र अहिले पनी हामीले स्थानीय तह सँग समन्बय गरेर जिल्ला प्रशासन सँग समन्वय गरेर र क्वारेन्टाइनमा अनीवार्य राख्नुपर्छ भनेर हामीले भनी राखेका छौ र हामीले त्यसको व्यवस्थापन गर्नुपर्छ भनेर पनी भनीराखेका छौ र गरी पनी राखेका छौ र त्यो कुरामा अहिले सम्म पनी हामी लागिराखेका छौ । तर यो सँगसँगै फेरी आईसोलेसन वाड तयार गर्ने कुरा संक्रमीत ब्यक्तिहरुलाई उपचार गर्ने कुरा र संक्रमीत ब्यक्ति हरु गाउमा अथवा मासमा नपुगोस भनेर त्यसको लागि सुरक्षा ब्यवस्था गर्ने कुरा र त्यलाई रोक्ने कुरा कमसेकम मासमा नजावस भनेर रोक्नाको लागि पनी हामी प्रदेश सरकार अगाडि बढिराखेको छ र अहिले सम्म हामरो प्रदेशमा २ लाख ७० हजारको हाराहारीमा हाम्रा दाजुभाइहरु भित्रियका छन जहिले देखि हामीले रीकड राख्न सुरु गरेका छौ त्यले देखिको कुरा हो त्यो भन्दा पहिलेको फागुनको मलाई लाग्छ अन्तिम सप्ताहबाट हामीले सुरु गरेका थियम त्यहाबाट

यहा सम्मको स्थिति हामीले रीकड राखेका छम र त्यो भन्दा पहिले कति आयका छन त्यो कुरा त छुटै छ र अहिले पनी आईराखेका छण कहिले १०० जना कहिले २०० जना हिजो अस्ति त अलीकता बढेको छ भन्ने कुरा सुन्नमा आयको छ र हाम्रा ९ वटै जिल्लामा यि ब्यक्ति छन र केहि ब्यक्तिहरु यहाबाट अन्य प्रदेशका व्यक्तिहरु पनी हाम्रो नाकाभयर आउने गर्छन र यो सँगसँगै फेरी हामीले हाम्रो यहाबाट अरु भारतिय नागरीकहरु इनी हाबाट गयका छन र पिसिआर नमुना संकलन अहिलेसम्म ४२ हजारको हाराहारीमा भयको छ हिजोसम्मको रीपोट हेर्दा खेरी र ४२ हजार मध्ये ४० हजार ९ सय २५ जनाको नतिजा आईसकेको छ र १३ सय जनाको नतिजा आउन बाकि छ र हिजो सम्म को स्थितिमा ४ हजार ७ सय ८५ जना कोरोनासंक्रमीत व्यक्तिहरु पोजेटिभ वयक्तिहरु भेटियका छन र त्यसमध्ये धेरै मान्छेहरु ठिक भयर गैपनी सकेका छन र थोरै ब्यक्तिहरु अहिले उपचारमा छन र यो सँगसँगे त्यतिखेर अब अहिले आरडिटि टेष्ट बन्द गरीयको छ र यो भन्दा पहिले धेरै मान्छेहरु १ लाख २४ हजार हाराहारीमा हामीले आरडिटि टेष्ट पनी गरेका थियौ माननीय सभामुख महोदय सुरुमा जब लकडाउन भयको दिनसम्म आयका नागरीकहरुलाई ९ वटै जिल्लामा संघिय सरकारको सहयोगमा हामीले ९ वटै जिल्लामा गयर चेकजाच गरेका थियौ र त्यति खेर २ जना मात्रै भारतबाट आयका मा देखियको थियो १ लाख ४३ हजारको हारहारीमा १ लाख ४०-५० टोटलमा त्यो डेढ लाखको हारहारीमा आरडिटि भयको ब्यक्तिमा २ जना मात्रै भेटियका थिय र त्यसपछि अहिले त्यसपछि आयका व्यक्ति हरुमा यति धेरै देखियको छ त्यसकारणले यसमा अधिकांस मान्छेहरु यसमा उपचार गरेर घर फर्किसकेको स्थिति छ थोरै मान्छेहरु उपचारमा छन र संक्रमण बढिपनी राखेको छ कहिले बढि देखिन्छ र कहिले कम देखिन्छ र टेष्ट हरु पनी अगाडि बढिराखेको स्थिति छ र यो सँगसँगै योकुराहरु अगाडि बढाईरहदा खेरी मलाई अलीकता दुख पनी लाग्यो हामी चैत देखि उपचार गरीराखेका छौ चैत देखि हामी त्यसको व्यवस्थापन गरीराखेका छौ चैतदेखि हामी यो कुरामा प्रदेश सरकार, संघिय सरकार स्थानीय सरकार, स्थानीय तहहरु लागिराखेका छन तर हाम्रो प्रतिपक्षलाई असार १० गते मात्रै कोरोनाको चिन्ता हुन्छ र असार १० गते चिन्ता उठ्छ र सदन अवरुद हुन्छ कोरोनाको नीहुमा यो कदम दुखद कुरा हो । चैतको १५ गते मन्त्री परीष्दको नीर्णयले के नीर्णय गर्यो भने तिनवटा ठाउमा हामीले अत्याधुनीक सुविधा सम्पन्न ल्यावहरु स्थापना गर्नुपर्छ पिसिआर मेसिन हरु जडान गर्नुपर्छ भनेर हामीले भनेका छौ र हाम्रो नेपालको अहिले सम्मको खरीद प्रकृयाहरु कति ढिला छन कति सुस्ता छन यो हामी सबैले बुजेका छौ मलाई लाग्छ यो कुरा हामी अहिले सत्तामा रहेको भन्दा पनी हाम्रो प्रतिपक्षलाई धेरै थाहा छ उहाहरुले धेरै सत्ता चलाउनुभयको छ धेरै सरकार चलाउनुभयको छ धेरै बिधि नीर्माण गर्नुभयको छ तर ज मात्रै मैले यउटा कैलालीको सेति अस्पताल अन्तर्गतको यउटा पिसिआर मेसिनको उद्धाटन गर्न सफल भय ४ महिना लाग्योहामीलाई त्यो गर्न अब केहि दिन भित्र डोटि बैतडिमा हामी उद्धाटन गर्दै छौ सञ्चालन गर्दै छौ आज को

मीतिसम्म अबको १० दिन पछि हाम्रो प्रदेशमा ५ वटा पिसिआर मेशिनहरु जो अटो मेसिनहरु हुन जो हामीलेहामीसँग यति जनशक्ति बढि गर्न सक्यो भने दिनमा ३ हजार भन्दा बढि टेष्ट गर्न सक्ने क्षमताका मसिनहरु हामीले जडान गरेका छौ यो कुरा त हामीले धेरै पहिला गरेका थियौ जति खेर चैत १५ गते हाम्रो यहा कोरोना संक्रमणको सुरुवात मात्रै भयको थियो सायद त्यतिखेरा तर यो हुदाहुदै पनी यत्रो सरकारले कुराहरु अगाडि बढाउदा बढाउदै पनी यो कुराहरु जनताको बिचमा जनताको सुधारको लागि अथवा जनतालई यो कोरोनाबाट बचाउनकालागि प्रदेश सरकारले कामहरु अगाडि बढाउदै जाने क्रम मा सवै ठाउबाट सवै सेक्टरबट सहयोग भयो यसकोलागि म धन्यबाद पनी दिन चाहान्छु सम्पुर्ण समुदाय देखि लीयर सवैलाई तर यो बिचमा हामीले जति गर्यौं सभामुख महोदय यकदिन मा ८४ हजार देकि लीयर ९० हजार मान्छे सम्म पनी क्वारेन्टाईनमा राख्नपर्ने परीस्थिति आयो हाम्रो प्रदेश मा त्यो चानचुने कुरा थियन त्यो सामान्य कुरा थियन त्यसको मात्रै हिसाब गर्ने हो भने यकछआक मात्रै खाना खुवाउनको लागि मलाई लाग्छ २-३ करोडको हाराहारीमा पैसा खर्च हुने स्थिति हो त्यो स्थानीय तहको भयपनी त्यो प्रदेश सरकारको भय पनी त्यो संघिय सरकारको भय पनी त्यो भयको स्थिति हो त्यो अवस्थाबाट पनी हामी गुज्रियम तै पनी हामी म सवैलाईधन्यबाद दिन चाहान्छु तै पनी हामीले कुनै पनी व्यक्तिलाई घर जान यनौ कुनै पनी व्यक्तिलाई बिना टेष्ट गरी घर जान दियनौ यक चोटि अलीकता चाप बढ्यो अलीकता रीपोट ढिलो आको कारण ले यो भन्दा पहिले हामी सवैलाई थाहा छ हाम्रो प्रदेशको स्वास्थ्य स्थिति के हो हाम्रो प्रदेशमा स्वास्थ्यको स्थिति कस्तो थियो यउटा मात्र मेसिन दियको थियो संघिय सरकारले जसको चेक गर्न क्यापासिटि भनेको दिनमा ५ जना मात्रै हामीले प्रयास गर्यौं पहल गर्यौं र हामीले संघिय सरकारबाट कृषि मन्त्रालयको बिभागबाट सायद हामीले यउटा मसिन ल्याउन सफल भयौ जसको क्यापासिटि जम्मा २०० देखि २५० मात्रै थियो नेपालभरी नै त्यस्तो परीस्थिति थियो तर हामीले यति मसिनहरु ल्याउन सफल भयौ हामीले त्यतिखेर नै दिर्घकालीन सोच राखेर नै यो सोच गर्यौं रहामीले हामी अगाडि बढि राखेका छौ र अब टेष्टको कुनै समस्या रहदैन र यो सँगसँगै खर्चको कुरा भो सभामुख महोदय हाम्रो प्रतिपक्षले कुरा उठाउछ ९३ करोड खर्च भयो त्यसको हिसाब दिनुपर्यो भन्नुहुन्छ तर हामीले हाम्रो हिसाबबाट मात्र ५० देखि ५३ करोडको हामीले खर्च गरेको देखिन्छ अब यो बाकि पैसाको हिसाब हामीले कसरी पेश गर्ने यति जनतालाई धोका दिनु हुदैन यति जनतालाई भ्रमीत गर्नु हुदैन त्यो ठिक कुरा होईन जे हो सत्य बोल्ने कुरा नै हुन्छ प्रति पक्षका माननीय सांदहरुले भन्नुहुन्छ संघिय सरकारबाट ३०औ करोड रुपिया आयो भन्नुहुन्छ मात्र ६ करोड रुपिया आयको छ त्यै पनी असार ९ गतेको नीर्णय पछि मात्र त्यो पनी प्रदेश सरकारलाई होईन स्थानीय तहलाई दिने भनेर अब हामीले हिसाब कहाबाट पेश गर्ने यसै नाउमा सदन कति दिनसम्म अबरोध भयो हामीले सबैले बुजेका छौ हामीले बजेट ल्यायौ हामी चाहान्थ्यौ बजेटमा मन्त्रालय बाहेक छलफल होस भनेर हामी चाहान्थ्यौ सबै आफ्ना कुराहरु आफ्ना

प्रतिनीधि भयको नाताले सवै जनताका बिषयहरु उठुन भनेर हामी चाहान्थ्यौ तर हामीले बजेटमा छलफल चलाउन सकेनौ लोकतन्त्रको कुरा मात्र गरेर हुदैन लोकतन्त्र साच्चिकै व्यवहारमा उतार्नुपर्ने हुन्छ जनतालाई यउटा कुरा भन्ने र व्यवहारमा अर्को कुरा गर्ने हो भने त्यो न्यय हुदैन त्यसकारणले हामीले बजेटमा छलफल गर्न नपाउलने यहा माननीय सभामुख महोदय यहा उपस्थित भयका सम्पुर्ण जनप्रतिनीधिहरुले बजेटमा छलफल गर्ने अधिकार छ तर त्यो अधिकारलाई बिपक्षको यउटा जितको कारणले त्यो अधिकारबाट बञ्चित गर्न पाईन्छ पाईदैन कोरोना चैतको महिना लाग्छ बजेट असार १ गते आउछ त्यसपछि पनी मलाई लाग्छ २ चोटि सदन चल्छ तर १० गते बजेटमा छलफल हुद खेरी सदन अवरोध हुन्छ अवरोधको बिचमै पनी हामीले बजेट पास गर्न पर्ने बाध्यता भयो हाम्रो खुसि होईन हामी माननीय सभामुख महोदय अहिले कम्न्युष्ट पारटिको सरकार छ कम्न्युष्टहरुलाई आरोप पनी लाग्छ यिनीहरु अली जवरस्थित गर्छन बनेर तर हामी लोकतन्त्र प्रजातन्त्रका कुराहरु व्यवहारमा उतार्न चाहान्छौ र त्यो अनुसार जान पनी चाहान्छौ तर त्यो कुरा कोले रोक्छ किन रोकिन्छन भन्ने कुरा त्यसको मुल्याङ्कन जनताले गर्ने कुरा नै हो पटक पटक हामीले वार्ता पनी गरेकै हो नगरेको पनी होईन मैले यो रोष्टमबाट बाट पटक पटक भनेको छु प्रदेश सरकारले सवैलाई सँग लीयर जान चाहान्छ कसैलाई पनी काखा र पाखा गर्न चाहादैन प्रदेश सरकारले सत्ता पक्ष प्रतिपक्ष होईन आम नागरीकलाई बिकासमा जोड्नुपर्छ भन्ने हाम्रो चाहाना हो हामी त्यो सहित हामी जान चाहान्छौ तर पटक पटक बजेटमा बिबाद उठ्ने पटक पटक बजेटमा अवरोध हुने त्यो कहि नभयको कुरा यहि सुदुरपश्चिममा मात्र हुने के भयर सुदुरपश्चिमको बिकास नभयको रैछ भन्ने कुरा मलाई त त्यो महसुस भयको छ । हामीले राम्रो कुराको लागि बिबाद गर्दैनौ हामी समग्र बिकासको लागि बिबाद गर्दैनौ हामी आफ्नो ईच्छा आकांक्षा पुरा भयन भने बिबाद गर्न सुरु गर्छौ र यले सुदुरपश्चिमको पनी हित हुदैन सुदुरपश्चिमका सम्पुर्ण जनसमुदायको पनी हित हुदैन यले कसैको पनी हित हुदैन यस कारणले हामीले भनीराखेका छौ बिगतमा हामी ठगियौ भनेर अब त्यो पनी हामीलाई उ छैन ठगियो भन्ने कुरा पनी हामीलाई भन्ने कुरा पनी हामीलाई भन्ने ठाउ छैन तर अहिले पनी हाम्रा गतिविदिहरु हाम्रा व्यवहारहरु हाम्रा कार्यशैलीहरु हामीले अहिले गर्ने कामहरुले पनी हामीले जनतालाई ठगि राखेका छौ यसमा जनताले मुल्याङ्कन गर्ने नै छ तर प्रदेश सरकार के चाहान्छ भने अहिले पनी हामी सवैलाई सँग लीयर जान तयार छौ यहाको समग्र बिकासको लागि हाम्रा बिचारहरु फरक हुन सक्छन हामीले जनताको बिचमा आफ्ना आफ्ना घोषणा पत्र लीयर गयकै हुम तर नेकपाको घोषणा पत्र त्यतिखेर संयुक्त घोषणा पत्र नै जनतालाई मन परायर हामीलाई दुईतिहाई दियर यहा पठायकै हो । ५ बर्षकोलागि हामीलाई जनताले जिम्मा दियकै हो । कसैले चाहे पनी नचाहे पनी कसैले अवरोध गरेपनी नगरे पनी त्यो कुरा हामी गर्न नै पर्छ र हामी गर्ने नै हो तर यसको बाबजुत पनी हामी के चाहान्छौ भने सवै हामी सँगै जाउ हामी बिगतमा ठगियौ बिगतमा बिकास पाएनौ अहिले पनी हामी

सँग बिकास छैन मैले भने यउटा सडक मात्रै हिजो अस्तिको पानीले बगायो हाम्रो जिल्लाका सदरमुकाममा जान अर्को बाटो छैन हामी सँग यति गम्भिर छ स्थिति यहि कैलालीमा, भजनी नगरपालीकामा कति वर्षौ वर्ष डुबान भैराखेको छ त्यसको हामीले कहिल्यै पनी स्थायि ईलाज गर्न सकेनौ यो भन्दा पहिलेका सरकार ले कहिले गर्न सकेन तर हामी त्यो गर्न चाहान्छौ यस्ता काम गर्नाको लागि मैले भने ५ वटा पिसाआर मसिन कसैले माग गरेर कसैले सदन अवरोध गरेर ल्याको होईन यो हामी सवैले त्यो भन्दा पहिले नै हामीले त्यो नीर्नय गरेर पनी आयौ म धन्यबाद दिन चाहान्छु यहाका व्यवसायिकहरुलाई हामीले अहिले डडेल्धुरामा जो मसिन जडा गरेका छौ यहाका व्यवसायिकहरुले पैसा उठायर मसिन ल्याउनुभो सभामुख महोदय त्यसमा पनी राजनैतिक भयो केहि दिन प्रदेश सरकारलाई कमजोर देखाउनकोलागि कुराहरु देखिय हामीले सुन्यौ त्यो कुरा तर हामीले धन्यबाद दियौ किनभने जो व्यक्तिले स्वच्छ ईच्छालेको साथमा सरकारलाई सहयोग गर्छ जनतालाई सहयोग गर्छ त्यलाई हामीले धन्यबाद दिनैपर्छ त्यलाई स्वागत गर्नै पर्छ र अहिले नेपाल सरकारबाट यउटा अटो मसिन त्यहा जडान गर्दाखेरी त्यहा अब त्यो पनी धेरै भन्दा धेरै टेष्ट गर्ने क्षमतामा हामीले त्यलाई परीणत गरेम आईसोलेसनको मैले कुरा गरी सके ५०-५० सैयाका हस्पिटलहरु नीर्माण गरेको नदेखिने फेसबुक र टिभिका पर्दाहरुमा सरकार खोज्दै गयो भने के पाउछौ हामीले फिल्डमा खोज्नुपर्यो सरकारलाई जहा समस्या छ त्यहा खोज्नुपर्यो सरकारलाई जहा बिकास भयको छैन त्यहा खोज्नुपर्यो सरकारलाई जहा पिछडियको ठाउ छ जहा पिछडियको जनता छ त्यहा खोज्नुपर्यो सरकारलाई त्यहा भेटिन्छ । सरकार कम्न्युष्टको सरकार त्यहा भेटिन्छ अरुको सरकार कहा भेटिन्छ हामीलाई थाहा छैन । त्यसकारणले यकदमै गम्भिर छ जटिल छ अवस्था हाम्रो सुदुरपश्चिममा हामी सवैबाट बञ्चित भयको कारणले तर सभामुख महोदय मार्फत मेरो आग्रह छ सदनलाई कि हामी सवै यकठाउमा ईच्छा शक्तिका साथ ईमान्दारीका साथ हामीले परीवर्तन गर्न सक्छौ मैले अहिले तथ्याङ्क लीयको छैन ५ वटा अटो मसिन जडान भयको सायद सुदुरपश्चिम प्रदेश मात्रै होला मैले त्यसको विवरण लीयको छैन सायद भन्दै छु म यो त हामीले कसैले भनेर कसैले गरेर होईन हामीले सोच्यौ किनभने यो कुरा विश्वव्यापि रुपबाट प्रचार हुदै जादा बुज्दै जादा यो कोरोनाको विषयमा थाहा पाउदै जादा यो यति छिटो सिदिन्ने वाला छेन यो दिर्घकालीन रुपवाट अगाडि बढ्दै छ यले भोली ठुलो भयाभह स्थिति ल्याउने वाला छ भन्ने कुरा हामीले समीक्षा गर्यौं विश्लेषण गर्यौं त्यो आधारमा हामीले कार्यक्रमहरु अगाडि सार्यौं र अगाडि बढ्यो पनी यसको बाबजुत पनी केहि कमी कमजोरी भएका हुन सक्छन केहि कमी कमजोरीहरु भयका पनी छन १ लाख मान्छेलाई क्वारेन्टाईनमा हाम्रा भएका स्कुलहरुमा राख्दा कति अप्ठेरो पर्छ भन्ने कुरा सवैलाई थाहा छ यकचोटि त मलाई यस्तो पनी भयो सभामुख महोदय मार्फत म सदनलाई जानकारी गर्न चाहान्छु । भारतबाट दिनदिनै सयौं हरु आउने कामहरु भय कैयौले त यति सम्म भयो कि मैले बोलेका कुराहरु रीकर्ड गरेर तुरुन्तै मीडियामा ल्याउने कुरा पनी भए

भारतमा रहेका हाम्रा दाजुभाईका बाध्याता जति मैले त्यो बोध गरेको छु सायद अरु कसैले कम गरेको हुन सक्छ त्यसकारणले नै मैले चैतको ११ गते भनेको थिय कि हाम्रा दाजु भाइहरुलाई छिटो भन्दा छिटो भित्र्याउन पर्छ भोली ठुलो बेहाल हुन्छ यहा पनी समस्या हुन्छ त्यहा पनी समस्या हुन्छ भन्यौ अब नाका खोल्ने कुरा र नाका बन्द गर्ने कुरा हाम्रो अधिकार भित्र थियन त्यो भयन त्यो आफ्नो ठाउमा यउटा विषय होला र अहिलेको जिन परीस्थिति छ यो परीस्थितबाट जुज्नको लागि हामी सवै यकठाउमा जानु जरुरी छ हामी यकठाउमा उभिनु जरुरी छ हामी सवैले साझा रीपबाट काम गरन जरुरी छ यो कुराहरु छ यो सँगसँगै यो कोरोनाको बाजुत पनी हामीले बिकास नीर्माणका काम हरु रोकेनौ सभामुख महोदय ६२.८२% खर्च गरेका छौ हामीले मलाई लाग्छ यो सामान्य चानचुने विषय पनी होईन यदपि हामीले सोचेको लक्ष्य होईन यो २-३ महिना काम रोकेको बाबजुत पनी हामीले पुजिगत खर्च मात्रै ७१% को हाराहारीमा गरेका छौ पुजिगत खर्चमात्रै र चालु खर्छ हाम्रो कम छ ५५% मात्रै छ चालु खर्च यो पनी उपलब्धि मान्नुपर्यो आखिर हामीले सरकारले जे गरी राखेको छ १ डेढ वर्षमा २ वर्षमा चमत्कार हुन सक्दैन त्यो सवैभन्दा धेरै त बिगत देखि सराकरमा बसिराखेका पार्टिहरुलाई थाहा छ हामी त ढाइ वर्ष मात्रै भयको छ मलाई लाग्छ ३०,३१,३२ महिना कति भयो हाम्रो सरकार सञ्चालन भयको प्रदेश सरकार सञ्चालन भयको कानुन बनाउने कुरा विधि बनाउने कुरा कार्यलय व्यवस्थापन गर्ने कुरा बिभिन्न सिक्ने कुरा सिकाउने कुरा र त्यसको बाबजुत काम गर्ने कुरा अबावमा अगाडि बढ्ने कुरा यो सामान्य कुरा होईन र अहिले भन्ने गरीन्छ प्रदेश सरकारले केहि गरेन प्रदेश सरकार ठिक छैन भन्ने गरीन्छ तर त्यस्तो कुरा होईन त्यो भन्ने कुरा नै राजनैतिक त्यो भन्ने कुरानै गलत हो त्यो संघियता प्रतिको जनतामा जुन प्रकारको आशा थियो जुन प्रकारको आकांक्षा राखेका थिय जुन प्रकारको उनीहरुले बिकासको ईच्छा राखेका थिय त्यलाई नीराशातिर लैजाने भाषण मात्रै भनीयो त्यो संघियताले यो प्रदेश सरकारेल केहि गरेन भन्ने कुरा हामीलेगरेका छौ हामीले गर्छौ गर्ने तयारीमा छौ यसको परीणाम आउन समय लाग्छ यउटा घर बनाउदा खेरी १ डेढ बर्ष लाग्छ यउटा १०० किलोमीटर सडक पिच गर्दाखेरी ४-५ बर्ष लाग्छ गत बर्ष गरेको बहुबर्षिय ठेक्का यो बर्ष मात्रै सडक पिच देखिदैनन् त्यसको लागि १ , २ बर्ष कुर्नु पर्छ तर अहिले नै जादुको छडि जस्तो यकैचोटि छुमन्त्र जस्तो बिकास हुन सक्दैन त्यो हामी सवैलाई थाहा छ त्यसकारणले पनी म सभामुख महोदय मार्फत के आग्रह गर्न चाहान्छु भने सरकार कटिबद छ लागेको छ समस्याको बाबजुत पनी हामी अगाडि बढेका छौ सवैलाई सँग लीयर जान तयार छौ लयर पनी गयका छौ र यो सँगसँगै हामी के पनी आग्रह गर्न चाहान्छौ भने सरकारले गर्ने कामहरु जनताका बिकास हरु र समग्र रुपबाट सुदुरपश्चिमको बिकास गर्ने कुराहरु चाहे त्यो रोजगारीको सेक्टरमा होस चाहे त्यो भौतिक नीर्माणको कुरा होस चाहे त्यो कृषि तिरको कुरा होस चाहे अन्य कुनै बिकासका पर्यटन देखि सवै बिकासका कुरा होस यो यउटा योजनाबद्द रुपबाट पलान अन्तर्गत गर्नुपर्ने हुन्छ र त्यति

व्यवस्थित नभयको हुन सक्छ तर त्यसको प्रयास हामी गरीराखेका छौं र अगाडि बढिराखेका छौं र यसमा मैले अगि पनी भने यो सवै विषयमा छलफल त बजेटमा हो हुनुपर्ने तर बजेटमा हामी छलफल गर्न पायनौ बजेटमा मन्त्रीहरुले बोल्नै पाउनुभयनमाननीय सांद ज्युहरुले बोल्नै पाउनु भयन हामीले त  सोचेका थियौ हाम्रा मन्त्रीहरु पनी बोलुन कहा कहा कमी भयको छ त्यसको बारेमा बुजुन र सांसदहरले पनी आफ्ना कुरा राख्न पाउन भन्ने पनी हामीले चाहेका थियौ त्यो हुन सकेन यलाई त्यति राम्रो मान्न सकिदैन मैले अगि पैसाको पनी कुरा गरे मलाई लाग्छ सामाजिक बिकास मन्त्री ज्युले २-३ चोटि उभियर यहा जवाफ दिसक्नुभयो मैले त्यति पार्ट पार्टमा जाने कुरा छैन मैले अगि पनी कुरा राखे हामीले ४० करोडको कोष स्थापना गरेम लगभग ३ करोडको हाराहारीमा बाहिरवाट सहयोग आयो हामीलाई सवैको बाहिर नीजि संस्थाबाट पनी आयो माननीय ज्युहरुको मन्त्री ज्युहरुको सवैको बाट हामीले त्यो जम्मा भयो तर त्यसमा स्थानीय तहमा मात्रै २४ करोडको हाराहारीमा हामीले पैसा पठायका छौ स्थानीय तहमा मात्रै त्यो राहतको लागि आईसोलेशन नीर्माण गर्नाको लागि क्वारेन्टाईनको व्यवस्था गर्नको लागि हामीले पठायौ र त्यो पठाउने सायद यो प्रदेश मात्रै होला यति ठुलो रकम स्थानीय तहसँग साझेदारी गरेर काम गर्ने हामीले के चाहन्थ्यौ हामीले त्यति खेर पनी भनेका थियौ जबसम्म सवै सरकारहरु सक्रियताको साथ लाग्दैनन् तब सम्म कोरोनालाई रोक्न सक्दैनौ यसको समाधान गर्न सकिदैन भन्ने कुरा प्रष्ट थियो सरकार र यो सँगसँगै हामीले सुरक्षा नीकायहरु जोमलाई हामीले परीचालन गरेका छौं चाहे नाकामा सिमानामा मानछेहरुलाई भित्र ल्याउने कुरा होस कि समस्या पर्यो भने त्यलाई उदार गर्ने न होस सुरक्ष नीकायलाई १ करोड ९ लाखको हाराहारीमा हिले रकम दियका थियौं मैले यो किन भन्न खोजेको हो भने प्रतिपक्षले यो कुरा पटक पटक उठाउनु भको हुनाले मात्रै यो मोटामोटि म भन्दै छु र यो सँगसँगै सामाजिक बिकास मन्त्रालय मार्फत पनी ३० करोडको हाराहारीमा पैसा बिनीयोजन भयो त्यसमा पिसिआर मेसिन देखि लीयर भ्यान्टिलेटेर मैले जानकारी दिउ सभामुख महोदय मार्फत यो सदनलाई अब केहि दिनभित्र हामी २० वटा भेन्लेटर ल्याउदै छौ प्रकृया लामो छ सवैलाई थाहा छ यो कुरा म भन्दैन र त्यो आयो भने हाम्रा सवै पहाडि जिल्लाहरुका हस्पिटलहरुमा २ वटा जति र ठुला अब खास गरेर कैलाली टिकापुर र महाकालीमा त्यहि अनुसारको जडान गर्ने भनेर हामीले भेन्टिलेटरहरु खरीद गरेक छौ र छिट्टै ति आउने वाला पनी छन र ३ वटा पिसिआर मसिनहरु जो अटो मसिनहरु हुन जसमा जनशक्ति कम लाग्छ जसमा १ दिनमा २४ घणटा यदि रन हुने हो भने त्यो प्रकारको जाशक्ति हुने हो भने १ हजार को हाराहारीमा उनीहरुले टेष्ट गर्न सक्ने स्थिति रैछ अहिले यो प्रदेशमा ५ वटा सञ्चालन हुदै छ यउटा आज सञ्चालन भयो यउटा अब केहि दिनपछि सञ्चालन हुदै छ रत्यसपछि बैतडिमा पनी मलाई लाग्छ १ हप्ता पछि सञ्चालन हुन्छ र यहि फेरी अर्को यउटा मसिनमा पनी यु यान डि पि ले अर्को यउटा जडान गर्न पाट दियको कारणले अर्को मसिनमा पनी हामीले अटो जडान गरेर त्यो पनी गर्दै

छौ र डडेल्धुरामा पनी त्यो हु दैछ ५ वटा मसिलाई सञ्चालन गर्यो भने त्यसको समाधान हुन्छ र त्यो पछि मैले अगि पनी भने संघिय सरकारले ६ करोड मात्रै दियको हो हामीलाई अब केहि हस्पिटलहरुलाई केहि पैसा दियको हुन सक्छ यो कुल मीलायर मलाई लाग्छ ५० देखी ५३ करोडको हाराहारीमा यो ६ करोड छोडेर हाम्रो प्रदेशको बिनीयोजित भयको छ कति खर्च भयको छ कति त्यो रीटर्न आयो त्यसको पछि नै मोटामोटि हिसाब हुन्छ तर यसको बारेमा जो भ्रम सिर्जना भयको छ यसको मा म यो सदनलाई सभामुख महोदय मार्फत जानकारी दिन चाहान्छु यसमा कोहि पनी भ्रममा नपर्न आग्रह पनी गर्न चाहान्छु र जति भ्रम धेरै पैसा खर्च गर्यो बेमानी हिनामीना गर्यो र म यउटा कुरा के पनी भन्न चाहान्छु भने यदि कसैले कानुन बिपरीत नीयम बिपरीत यदि कसैले त्यस्तो भ्रष्टाचार गरेको छ त्यस्तो देखियो भने राज्यका नीकायहरु छन छानविन गर्ने सदन छ सदनको समीति छ छानविन गर्दा हुन्छ र कारबाहि भयको यदि कोहि मान्छे त्यस्तो देखियो भने त्यो कारबाहि हुन्छ र कुनै पनी दुईमत छैन भ्रष्टाचार सहन पनी सकिदैन र  भ्रष्टाचारलाई रोक्नुपर्छ तर भ्रष्टाचार रोक्नाको लागि सवै ईमान्दार हुन जरुरी छ अहिले समाजमा हामी देख्छौ भ्रष्टाचारको बारेमा २ वटा विचार छ यउटा धारणा हिस्सा खोज्नाको लागि बिरोध दोस्रो धारणा साच्चै रोक्नाको लागि बिरोध यसकारणले यो किरामा हामी यदि ईमान्दार भयो भने भ्रष्टचार रोक्न सकिन्छ । हाम्रो यो प्रदेशमा आर्थिक बृदिदर पनी बढ्यो यो प्रदेशमा यो हाम्रो मुल्याङकन होईन संघिय नीकायहरुको मुल्याङ्कन हो हामीले केहि बगरेको भय त्यो बढ्थ्ययन होला त्यसकारणले यस्ता चिजहरु पनी हामीले अगाडि बढायका छौ भैराखेका छन र यो बारेमा जुन प्रकारको भ्रम छ त्यो भ्रम बाट मुक्त हुन प्रष्ट हुन म आग्रह गर्न चाहान्छु कोरोनाको लागि हामी प्रष्ट छौ प्रदेश सरकारले योजनावद्द रुपबाट अगाडि बढेको छ र त्योलाई हामी अगाडि बढायर जान तयार छौ र अर्को कुरा छानविनको कुरा संसदको विषय हो संसदले चाहान्छ भने छानविन गर्न सक्छ अनुगमन गर्न सक्छ र कहि कतै त्यस्तो देखियो भने सुझाव दिन सक्छ सर्बमान्य त संसद नै त्यसमा सरकार प्रष्ट छ र यो कुरा पनी म राख्न चाहान्छु सभामुख महोदय र अहिले मैले अगि पनी भने कैयौ चिजहरु हामीले गर्नपर्ने छ कानुनका कुराहरु छन हाम्रा केहि संस्थाहरु अथवा हाम्रा केहि कुरा सरकारी हरु सहयोगि संस्थाहरुको गठन गर्ने कुराहरु छन यि कुरामा हामीले बजेटमा पनी प्रष्ट ल्याईसकेका छौ र त्यहि अनुसार हामी अगा डि बढिराखेका छौ र कानुनी प्रकृयामा अगाडि बढिराखेको स्थिति छ अब सुदुरपश्चिम प्रदेश सरकार यकदमै योजनाबद रुपबाट अगाडि बडि पनी राखेको छ र त्यसको अगाडि जान चाहान्छ तर कहिले काहि हामी बाहिर सुन्ने गर्छौ सरकार त कमजोर भयो सरकारको नेतृत्वले केहि गर्न सकेन सरकार अब टिक्दैन यो भ्रम मात्रै हो त्यो मनका लड्डु घ्यु सँग खायो भने जस्तै मात्रै हो यसमा कुनै सत्यता छैंन हामीसक्षम छौ गर्छौं र हामी सवैलाई सँगै लीयर जान सक्छौ हामी यहाको समग्र बिकास गर्न सक्छौ र हामीले जुन कुनै तरीकाले पनी सुदुरपश्चिमको बिकास गर्नु हो यहाका जनतालाई रोजगारी

सिर्जाना गर्नु हो यहाको समग्र बिकास गर्नु हो दुर दराजमा भयका जनसमुदायलाई बिकसको मुलधारमा जोड्नु हो यो कुरा  हाम्रो मुख्य उदेश्य हो हामीले तत्काललाई तउटा बिकासमा जोड्ने हो समाजमा बिभिन्न प्रकारका छिचोमीचो हरु छन समाजमा विभिन्न प्रकारका महिला माथि हुने हिंसाहरु छन जातिय रुपबाट छुवाछुतमा हुने कुरा छन कमजोरका कुराहरु छन यलाई अन्त्य गरेर  बिकसमा जोड्ने कुरा नै मुख्य कुरा हो र हामीले सरकार अगाडि बढि पनी राखेको छ मैले पटक पटक भन्ने गरेको छु समाजमा देखियको बिकृति हरु बिसङ्गतिहरु कमजोर पक्षलाई हटाउनको लागि हामी सवै यकैठाउमा उभियो भने साझारुपबाट यउटा अभियानको रुपबाट लीयर गयो भने मात्रै मलाई लाग्छ त्यसको समाधान हुन्छ कानुनले मात्रै सरकारले मात्रै यउटा कुनै ब्यक्तिले मात्रै त्यसको समाधान गर्न  अप्ठेरो छ बर्षौ देखि चपडियका समस्याहरु बर्षौ देखि प्रयोगमा ल्याका गलत चिन्तनहरुलाई हटाउनका लागि हामीले यउटा सङ्घर्ष गर्न जरुरी छ हामीले त्यो प्रकारको अभियान सञ्चालन गर्न जरुरी छ अहिले त कोरोनाले गर्दाखेरी हामीले त्यो अभियान सञ्चालन गर्न सकेनौ सरकारले त्यो नीति बनाईसकको छ खास गरेर महिलामाथि हुने हिसां रोक्नाको लागि र छुवाछुत को जुन जातिय रुपबाट दलीत लगायतका जातियरुपबाट छुवाछुतमा हुने हिशांको लागि रो लगाउनु पर्छ भनेर हामीले सरकारले नीति पनी पास गरीसकेको थियो तर त्यो हामीले लीयर जान केनौ त्यसकारणले पनी अहिले पनी हामी त्यलाई सरकारको तवरबाट अगाडि बढाउने कुरा आम जनताको रुपबाट बिचमा त्यो लीयर जाने कुरा स्थानीय तहलाई सहित लीयर अगाडि बढ्नेकुरा नै सरकारको मुल उदेश्य रहेको छ र समाजमा जन सकारत्मक सोच र सकारात्मक चिन्तनहरु बढ्दैनन् तब सम्म हामी बिकास पनी गर्न नसकिदो रैछ हामीले भन्यौ कैयौ हामी बिकास गरीराखेका छौ तर यस्तो अवस्थाको बिकास भैराखेको छ त्यो वाट बिनास बढि भैराखेको छ उपलब्धि कम भैराखेको छ यो कुराहरु पनी यउटा सकारात्मक सोच सहित हामी सकारात्मक चिन्तन सहित हामी सवै यकरुपताको साथमा अगाडि बढ्यौ भने मात्रै यो कुराहरुलाई हामी हगाडि बढाउन सक्छौ  र यि कुराहरुलाई प्रदेश सरकार स्थानीय तहलाई सँगलीयर जान तयार प्रतिपक्षलाई सँग लीयर जान तयार छ यहाका बौदिक बर्गलाई सँग लीयर जान तयार छ र नागरीकलाई सँग लीयर अगाडि बढ्न तयार छ र यसमा सकारतमक चिन्तन र सोच सहित हामी अगाडि बढौ र हामी कोरोनासँग पनी लड्न सक्छौ जुज्न सक्छौ र यो भाइरसको कुनै उपचार छैन यो कहिलेसम्म रहन्छ यसको पनी कसै बैज्ञानीकले त्यो भन्न सकेको छैन तै पनी हामीले अब यो सँग सँगै जानु पर्ने स्थिति छ अब यउटा गम्भिर र जटिल परीस्थिति आउन सक्छ यदि यो मासमा गयो भने धेरै संकट आउन सक्छ त्यसकारणले अब हामी चनाखो हुनुपर्ने सजग हुनुपर्ने सचेत हुनुपर्ने र गाउमा आम ठाउमा हामी जनतालाई हामी जनप्रतिनीधिहरुले पनी सचेत पार्नुपर्ने जरुरी देखिन्छ । त्यसकारणले पनी प्रदेश सरकारले पटक पटक नीर्णय गरेर र हामीले अहिलेको हाम्रो उदेश्य नै भनेको के हो भने अब आउने नागरीकहरुलाई सवैलाई टेष्ट गर्ने

र उनीहरुलाई आइसोलेसन क्वारेन्टाइन देखी लीयर आइसोलेसन जब सम्म उनी कोरोना मुक्त छन भन्ने कुरा नहुदा सम्म उनीहरुलाई त्यसरी त्सयको व्यवस्था गर्ने र मासमा कोरोना नजान दिनको लागि रोकथाम गर्ने र यदि त्यस्तो अवस्था आइहाल्यो भने जुन गाउमा जुन क्षेत्रमा मा त्यो आउछ त्यहि क्षेत्रलाई केन्द्रित गरेर त्यसलाई त्यहि रोक्नाको लागि प्रयास गर्न कुरामा प्रदेश सरकार लागि राखेको छ र यो सँगसँगै अहिलेको जुन बिपतहरु छन जुन प्राकृतिक प्रकारका समस्याहरु आका छन यो कुराहरु मैले भनीसके यसको लागि पनी प्रदेश सरकार सहयोग र लगायत केके गर्नुपर्छ त्यसको लागि पनी प्रदेश सरकार तयार छ र यो सँगसँगै गत बर्षको बजेट र अब आयको बजेट छ यलाई छिटो भन्दा छिटो खर्च गर्नाको लागि परीणाम मुखि खर्च गर्नाको लागि कैयौ ठाउहरुमा कार्यालय नभयको ठाउमा कार्यालय स्थापना गर्ने कुरा र बजेटलाई छिटो भन्दा छिटो कार्यन्वयनमा लीयर जानको लागि विधि, नीति तयार गरेर छिटो भन्दा छिटो कार्यन्वनमा जाने कुरा कोरोनासँगै हामीले काम पनी बिकास पनी गर्नुपर्ने भयकोले सचेततापुर्ण तरीकाले बिकासको गतिलाई अगाडि बढाउने कुरामा प्रदेश सरकार यकदम लागि राखेको छ र यो सँगसँगै फेरी समाजमा रहेका बिकृति र बिसङ्गति हरु र समाजमा रहेका जो बिकास बिरोधि चिन्तन हरु रहेका छन त्यलाई पनी कम गर्नाको लागि यउटा अभियानकोरुपबाट समाज जागरण अभियान सहित प्रदेश सरकार लागि राखेको छ र त्यसको लागि पनी हामी योजना वद्द अगाडि बढिराखेका छौ यो सवगसँगै फेरी कैयौ कुराहरु जो केन्द्र सरकारबाट सञ्चालीत ठुलाठुला आयोजना हरु चाहे त्यो रानी जमराको कुरा होस चाहे त्यो सेति लोक मार्ग खुटिया फाष्ट ट्र्याक र महाकाली लोकमार्ग काकुरा हुन लगायताका यि योजनाहरुलाई पनी अब संघिय सरकार बाट सञ्चालीत भयता पनी प्रदेश सरकारले आफ्नो नीगरानीमा छिटोभन्दा छिटो काम गराउनका लागि ति सम्बन्धित कार्यलयहरुसँग हामी छलफल गर्ने कुरा नीर्देशन दिने कुरा र संघिय सरकारका सम्बन्धित मन्त्रालयसँग सहकार्य गरेर छिटो भन्दा छिटो कार्यन्वयनमा अगाडि लीयर जानको लागि पनी प्रदेस सरकार लागि राखेको छ र यो सँगसँगै हाम्रो प्रदेश मा राष्ट्रियताका कुराहरु चाहे त्यो कालापानीको कुरा चाहे त्यो हाम्रो कञ्चनपुर लगायत सिमानाका जिल्लाहरुमा पटक पटक समस्या आइरहन्न यसको समाधानको लागि पनी हामीले बजेटमा पनी त्यो कुरा राखेका छौ र त्यो कुरा अहिले ध्यान गरेर सिमानामा बस्ने जनताहरुका समस्याहरु के हुन त्यसको यउटा मुल अध्ययन गरेर त्यसको लागि यउटा प्याकेजको कार्यक्रम घोषणा गरेर तिनीहरुलाई अगाडि बढाउनुपर्छ भनेर पनी त्यहा सुरक्षाको स्थिति के हो? रोजगारीको स्थिति केहो र त्यहा अन्य समस्याहरु के छन अहिले दार्चुलाको व्यास गाउपालीकाको जुन १ नम्बर वडा सायद त्यो वडाका जनताहरुले संसारको अनुभुति गर्ने अहिले यउटा महसुस गरेका छन र त्यसको लागि हामीले रकम छुट्यायका छौ र सम्बन्धित जिल्लाका माननीयहरु सँग छलफल गरेर र अन्य माननीयहरु सँग पनी छलफल गरेर त्यहा राम्रो भन्दा राम्रो कार्यक्रम के बनाउन सकिन्छ । साच्चै नेपाली भयको गर्व गर्न लायक

यउटा कार्यक्रम अगाडि सारेर हामीले अगाडि बढ्नुपर्ने छ र त्यसको लागि पनी प्रदेश सरकार तयार नै छ र यो सँगसँगै मेरो यउटा सभामुख महोदय मार्फत आग्रह के छ भने प्रदेश सरकार कहा छ? प्रदेश सरकारले कै गरेन प्रदेश सरकारको कारणले संघियता समस्यामा पर्ने भो यो प्रकारका जुन प्रकारका भ्रम सिर्जना भैराखेका छन यलाई हामीले सवै मीलेर यलाई प्रतिवाद गर्न जरुरी छ यसमा प्रतिपक्षले पनी अहिले सत्ता पक्षलाई परेको समस्या हो भनेर यसैमा हिट गर्नु भन्दा पनी संघियतामा प्रतिपक्ष पनी आयको हुनाले सवैको साझा संघियता भयको हुनाले त्यो बारेमा प्रतिबाद गर्न प्रतिपक्ष पनी तयार हुन जरुरी छ हो सत्तामा भोली उहाहरु आउनुहोला । हामीले हामी अहिले सत्तामा बसेका गल्ति गर्दै गयौ भने उहाहरु नै सत्तामा आउनुहोला तर अहिले संघियतालाई सफल पार्यो भने मात्रै सत्तामा आउने कुरा हुन्छ यदि यो नै जसरी पर्चार भैराखेको छ । त्यसरी यदि हामीले त्यसको प्रतिबाद गर्न सकेनौ भने र त्यो कुरालाई हामी जवाफ दिन सकेनौ भने त्यसपछि त्यो समस्या आउन  सक्छ त्यसकारणले त्यो प्रबृति भयका मान्छेहरु हाबि हुनसक्छन यसमा हामी सवै सचेत हुन जरुरी छर यो सँगसँगै अब हाम्रो यत्रो वाढि पहिरो कोरोना बिभिन्न कुराहरु छन अब छिटोभन्दा छिटो सवै जनप्रतिनीधि हरुले अब आफ्नो ठाउमा कमसेकम हाम्रा जनताहरु कति बाढिमा परेका छन? कति पहिरोमा परेका छन? कति कोरोनाबाट संक्रमीत भयका छन? कतिलाई के समस्या भयको छ? यि समस्या बुज्नको लागि पनी अब छिटोभन्दा छिटो हामीले अब फिल्डमा गयौ भने प्रदेश सरकार पनी देखिन्छ प्रदेशको जनप्रतिनीधि देखिन्छ र त्यो अनुसारले हामीले अगाडि बढ्नुपर्छ भन्ने हामीलाई लाग्छ र सरकारलाई लाग्छ त्यो अनुसारको हामी सरकारले योजना पनी अगाडि सारेको छ र मैले यउटा का सभामुख महोदय मार्फत केही भन्न चाहान्छु, आग्रह गर्न चाहान्छु भने सम्पुर्ण माननीय ज्युहरुलाई प्रदेश सरकार देखिनाको लागि कि त मन्त्री नै त्यहा जानुपर्ने रैछ कि त त्यहा सांसद नै जानपर्ने रैछ त्यसतै यो कुरालाई मध्यनजर गरेर सरकारले पनी कार्यक्रम गर्छ र त्यहि अनुसार सवै माननीय ज्युहरुले पनी सोचेर हामी त्यसरी अगाडि बढ्यो भने प्रदेश सरकार देखिन्छ मैले अगि पनी भने कुनै ठाउमा राहत अथवा कुनै ठाउमाबाढि आयको छ त्यहा प्रहरी लागेको छ सेना लागेको छ सशस्त्र लागेको छ अरु स्थानीय तहका जनप्रतिनीधि लागेका छन कर्मचारी लागेका छन । तै पनी त्यहा फेसबुकमा के आउछ भने प्रदेश सरकार कहा छ भनेर आउछ? यो प्रदेश सरकार प्रतिको जुन प्रकारको बाहिर यउटा नकारात्मक सन्देश जो गयको छ यलाई सकारात्मकमा बदल्ने काम त सभामुख महोदय मार्फत म सवैलाई आग्रह गर्न चाहान्छु त्यो त हाम्रो सवैको दायित्व हो हामी  सरकारमा बसेको अली ठुलो दायित्व होला बढि होला तर सवैको  दायित्व हो किनभने प्रदेशको नाउमा नै हामीले सवैले भोट मागेका हौ प्रदेशको नाउमा नै हामीले जनतालाई सवै लाई आसवस्त पारेका हौ त्यसकारणले पनी त्यो दायित्वबाट हामी कोहि चुक्न हुदैन र कसैले पनी सरकारलाई गाली गरेपछि मात्रै आफ्नो मन शान्ति गर्ने सोच कसैले राख्दिनु भयन सरकारलाई गलत गर्यो भने

कबरदारी गर्ने हो सचेत पार्ने हो भयनभयका कुराहरु 53 करोड खर्च भयको छैन ९३ करोड को हिसाब देऊ भनेर बिरोध गर्नुको कुनै अर्थ त्यसकारणले हामी त्यता पट्टि नजाउ जनतालाई भ्रमीत नबनाउ जनतालाई सत्य कुरा बताउ जनतालई सहि कुरा दिउ र जनतालई जे हो त्यहि कुरा दियो भने जनता त्यहिबाट सन्तुष्ट हुन्छ र त्यसकारण हामी त्यता पट्टि लागौ यति कुरा राख्दै मैले फेरी पनी भने हामी सवैलाई सँग लीयर जान्छौ प्रतिपक्षका कैयौ कुराहरु सकारात्मक हुनसक्छनछन पनी त्यलाई हामीले सँग लीयर जान तयार छौ तर बिरोधको नाउमा विरोधमा मात्र होईन यो मेरो धर्म हो भन्दै विरोध गरेर कुनै अर्थ छैन कर्म पनी गर्न जरुरी छ यति कुरा राख्दै बिदा हुन्छु, ह्वस्त धन्यबाद ।

३. माननीय सदस्यहरु,

अब,**"प्रदेशबालबालीकासम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७६"**माथिको कारबाही प्रारम्भ हुन्छ।

४. माननीय सदस्यहरु,

अब, सामाजिक विकास मन्त्री माननीय कृष्णराज सुवेदीलाई "प्रदेश बालबालीका सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७६" माथि प्रदेश सभा नीयमावली, २०७४ को नीयम १०७ बमोजिम सामान्य छलफल गरीयोस् भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, प्रदेश बालवालीका सम्बन्धि व्यवस्था गर्न बनेको विधेयक २०७६ माथि प्रदेश सभा नीयमावली २०७४ को नीयम १०७ बमोजिम सभामा सामान्य छलफल गरीयोस भनी यो प्रस्ताव पेस गर्दछु धन्यबाद

५. माननीय सदस्यहरु,

अब म **"प्रदेश बालबालीका सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथि सामान्य छलफल गरीयोस् भन्ने प्रस्तावलाई नीर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ"भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले"हुन्न" भन्नुहोला।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ"भन्नुहोस्।

("हुन्छ" भनेपछि)

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न"भन्नुहोस्।

("हुन्न" भनेपछि)

“हुन्न” भन्ने आवाज सुनीएन तसर्थ**"प्रदेश बालबालीका सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथि सामान्य छलफल गरीयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

६. माननीय सदस्यहरु,

अब, प्रदेश सभा नीयमावली, २०७४ को नीयम १०७ बमोजिम **"प्रदेश बालबालीका सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथिको सामान्य छलफलको समय प्रारम्भ हुन्छ। छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल गरीने छ। विधेयकको मनसाय स्पष्ट पार्न बाहेक विधेयकका दफाहरू माथि छलफल गरीने छैन । छलफलमा भाग लीने प्रत्येक माननीय सदस्यहरुका लागि ५ मीनेटको समय नीर्धारण गरेको छु ।

**सर्वप्रथम माननीय महेश दत्त जोशीलाई समय दिन्छु ।**

माननीय सभामुख महोदय, प्रदेश बालबालीका सम्बन्धि व्यवस्था गर्न बनेको विधेयक २०७६ प्रदेशमा आवश्यक छ र यो विधेयक प्रस्तुत ग्रने सामाजिक बिकास मन्त्रालाय र सामाजिक बिकास मन्त्री लाई हार्दिक धन्यबाद दिन चाहान्छु बालबालीका सम्बन्धि खास गरी महत्वपुर्ण अन्तराष्ट्रिय सन्धि सम्झौतामा हाम्रो मुलुकले पनी सहभागि भफ दस्तखत गरेको कारणले बालबालीका सम्बन्धिका महासन्धिहरुलाई हामीले पालना गर्नुपर्ने हुन्छ र हाम्रो मुलुकको संविधान २०७२ ले ईंगित गरेका बालबालीक सम्बन्धिका कानुन नीर्माण गर्नुपर्ने हुन्छ संघिय सरकारले ति कानुन नीर्माण गरेका र बिगतका कानुनहरु पनी हाम्रो संविधान सितै सहमत भयका कानुन भयको हुनाले सुदुरपश्चिम प्रदेश सरकारले ल्याको बालबालीका सम्बन्धि व्यवस्था गर्न बनेको विधेयक वाञ्छनीय छ खास गरी अहिले हाम्रो मुलुकमा कतिपय बाल संरक्षण गृहहरु अनाथ बालाबालीका सम्बन्धि खोलीयका संश्थाहरुले नै बालबालीका सम्बन्धि अनुचित कार्यहरु गरेको सुनीन आउछ कतिपय संस्थाहरुले बालबालीका तस्करी गरेको भन्ने कानुनी दायरामा समेत आयको बजिन आयकोले हामीले बनाउने कानुन कडाईका साथ ति त्यस्ता कुराहरुलाई नीगरानी गर्नाको लागि यो बालबालीका सम्बन्धि विधेयकमा आउनु पर्छ सभामुख महोदय खासगरी बालबालीका संरक्षणको क्षेत्रमा काम गर्ने संगठित संस्थाहरुलाई नीयमन गर्न यो विधेयकमा अनीवार्य रुपमा त्यो धाराहरु उल्लेखित हुनुपर्छ भन्ने सुझाव रहेको छ साथै धर्मपुत्रको नाममा कतिपय बिदेशिहरुले बालबालीकहरुलाई अनुचित कार्यमा लगायको देह व्यापारमा लगाउने लगायत कडा श्रममा ज्यालादारी श्रममा समेत लगायको कुरा अहिले सम्मको घटना क्रमले देखिन आयको छ त्यसैले त्यो सम्बन्धमा पनी यो विधेयक हाम्रो बोल्नु पर्छ बालबालीकाहरुलाई संबेदात्मक बिकासका लागि उनीहरुको शारीरीक र मानसिक बिकासका लागि अभिभावकले समाजले र सरकारले दायित्व बहन गर्नु पर्छ बच्हरु शिसुकाल जन्मे देखि ५ बर्षसम्म शिशुकाल रहेको हुन्छ ६ बर्ष देखि १० बर्ष सम्म हामी बच्चा भन्दछौ बालक भन्दछौ र त्यसपछि हामी १९ बर्षसम्म किशोरावस्था हुन्छ यो सवै अवस्थालाई ईंगित गरेर हाम्रो कानुनले उनीहरुको शारीरीक बिकास उनीहरुको मानसिक बिकास उनीहरुले नीर्णय प्रर्कृयमा सहभागि हुने उनीरुले आत्मियता पाउने र बालबालीकाहरुलाई १९ बर्षको उमेरसम्मका बालबालीकाहरुलाई यातना दिनु हुदैन भन्ने हामीले कठोर कानुन बनाउनु

पर्ने हुन्छ कतिपय परीवारहरुमा कठोर यातना दियको देखिन्छ बालकहरुलाई शरीरीक अथवा मानसिक यातना दियको देखिन्छ ज्यालादारी श्रममा लायको देखिन्छ यो कुराहरु नीषेधित गरीनुपर्छ कानुनले यि कुराहरु दण्डनीय गर्नुपर्छ कानुनले यो कानुनको व्यवस्था मन्त्रालाय बाट जो भईआयको छ यसमा समीतिमा छलफल गर्दा पनी गम्भिरता पुर्वक ध्यान जाने नै छ म सभामुख मार्फत समितिले काम गर्ने नै छ भन्ने आशा गर्दछु खास गरी बालबालीकाहरुलाई माया स्नेह र उनीहरुले गर्ने नीर्णय प्रकृयाको महत्वलाई हामीले बुझ्नुपर्छ बालबालीकाहरुको पनी मानसिक बिकास सँगै न्यय गर्ने क्षमताको पनी बिकास भयको हुन्छ उनीहरुलाई उपेक्षा गर्नुहुदैन कुनै पनी नीर्णय प्रकृयमा सहभागि गराउदा उनीहरुको संवेदनात्मक बिकासभैरहेको हुन्छ सानै उमेरमा बालबालीकाको अगाडि घर परीवाले पनी झगडा गर्नुहुदैन यो यउटा मानसिक असर पर्न गई जीवन भर बच्चाहरु अपाङ्ग हुन सक्छन आमावुवा लगायत परीवारका व्यक्तिहरुले अगडै गर्नुपर्यो भने पनी बालबालीकाको अगाडि गर्न हुन्न भन्ने हामीले कानुनी व्यवस्था गर्नुपर्छ उनीहरुले जगडा गर्ने हिंसा गर्ने यातना दिने कुराहरु बालबालीकाको अगाडि प्रदर्शन हुनहुदैन त्यसतै प्रकारले यौन जन्य कुराहरु पनी बालबालीकालाई यौन शिक्षा दिनुपर्छ सम्बन्धित उमेरमा तर यौनजन्य कुराहरुले बालबालीकाको मानसिक असर जीवन भर आघात हुन सक्छ यि बिगतका कुराहरुले देखायको छ ति त्यसताकुराहरु दण्डनीय हुनुपर्छ हाम्रो कानुन कठोरता पुर्वक यो कुरामा दण्डनीय हुनुपर्छ हामीले सुनेका छौ बिकसित देशहरुमा यस्ता कानुनहरु छन हामी कहा अहिले पनी बच्चालाई त भन्ने ये भन्ने केटा भन्ने ये भनेर जपहेलना गर्ने जुन प्रचलन छ यलाई तोड्ने हामीले कानुनी व्यवस्था गर्नुपर्छ बालबालीका कुनै हेपिने समुदाय होईन बालबालीकालाई जातिय बिभेद गरीनु हुदैन कुन जातिको हो भनेर त्यसतो किसिमको आभास हुने शिक्षामा स्वास्थ्य क्षेत्रमा उनीहरुको खानेपानी क्षेत्रमा उनीहरुले व्यवहार गर्ने खेलकुदको क्षेत्रमा बालबालीकालाई त्यसतो मानसिक असर हुने खालका जातिय बिभेद पनी गर्न हुन्न र बालबालीकाले स्वच्छ खानेपानीको आवश्यकता परीपुर्ति गर्न पाउनुपर्छ कुपोषण बाट बच्नको लागि बच्चाले सन्तुलीत आहारको व्यवस्था हुनुपर्छ बच्चाले मनोरञ्जन को लागि आवश्यक व्यवस्था परीवारले स्थानीय सरकारेल प्रदेश सरकारले गर्नपर्छ प्रने व्यवस्था पनी हामीले कानुनी रुपमा यलाई उल्लेखित गर्नुपर्ने हुन्छ यदि हामीले कानुनमा उल्लेख गरेनौ भने भोलीको दिनमा पनी बालबालीका हरुले अपहेलना हुने हेलीत शब्दहरु प्रयोग गर्ने ए फुच्चे भन्ने ए केटा भन्ने यो राम्रो संस्कृति होईन यो कुरालाई दण्डिनीय रुपमा लीनुपर्छ बच्चालाई फुच्चे भन्ने हेप्ने चलनले उसको मानसिक असरमा ठुलो समस्या हुन सक्दछ र बयस्क बैसकेपछि ठुलो उसले अरुलाई पनी प्रतिरोधात्मक किसिमले यउटा आवेगमा आउने यउटा रीसाउने यउटा झर्किने मानविय स्वाभाव हुन सक्दछ । त्यसैले बालबच्चाहरुलाई स्याहार सुसार गर्ने परीवारले संस्थाले समाजले हामीले यि कुराहरुलाई कानुनको परीपालना गरेर बालबालीकाहरुलाई सभ्य तरीकाले, संस्कृत तरीकाले परम्परागत तरीका मा रहेका कुरीतिहरु लाई

हटाउदै यउटा सभ्य र वैज्ञानीक शिक्षा दिनपर्छ । कतिपय बालबालीका हरुलाई अन्धविश्वासको शिक्षा दिने पढ्दा खेरी सरस्वतिको पुजा गरे पास भईन्छ भन्ने खालका शिक्षा दिने, अल्लाहको पुजा गर्यो भने, ईसामुसिको पुजा गर्यो भने पास भईन्छ भन्ने खालका शिक्षा दिनुहुदैन । त्यसतो कठोरता गर्नुहुदैन बच्चालाई बैज्ञानीक शिक्षाको आधारमा अगाडि बढाउनुपर्छ भनेर पनी कानुनले बोल्नुपर्छ सभामुख महोदय यसरी यो कानुन आवश्यक छ र यो कानुन भोलीको भविष्यको लागि आवश्यक कानुन जुन अहिले तर्जुमा हुँदै छ यले हामीलाई राम्रो परीणाम दिने छ र भविष्य को पिढिले यउटा राम्रो सक्षम नागरीक उत्पादन गर्न हाम्रो सुदुरपश्चिम प्रदेशले यो कानुनको आधारमा टेकेर राम्रो नागरीक उत्पादन हुने छ बिगतका जो नागरीकहरु उत्पादन भय जो अहिले हामी देखिरहेका कुण्ठायुक्त नागरीकहरु हामीकहा छन त्यसैले यो कानुन सर्बसम्मत रुपमा पारीत भयपछि सुदुरपश्चिम प्रदेश बालबालीकाको क्षेत्रमा अग्रिम भुमीका नीर्वाह गर्ने छ भन्दै आफ्नो भनाई टुङ्ग्याउछु, धन्यबाद ।

**माननीय श्यामलाल राना थारु**

माननीय सभामुख महोदय, हाम्रो सुदुरपश्चिम प्रदेश सरकारको तर्फबाट सामाजिक बिकास मन्त्रालयबाट जुन प्रदेश बालबालीका सम्बन्धि व्यवस्था गर्न बनेको विधेयक २०७६ यो सदनमा प्रस्तुत भयको छ यो अत्यन्त महत्वपुर्ण विधेयक पनी हो र यउटा भनाई छ सन्तति नै सम्पति हुन्छन । त्यसकारणले जुन अहिलेका बालबालीकाहरु छन यो नै राज्यको सम्पति भोलीको हो हामी पनी जो पनी अहिले देशको जिम्मेवारी बहन गरीराखेका छौ हिजो हामी पनी यक किसिमको यक समयमा बालबालीका थियौ । आज सवैले जिम्मेवारी बहन गरेका छन त्यसकारणले भोली गयर यो देशलाई कस्यो बनाउने कुन किसिमको हामी ले बिकास गर्ने भन्ने सवाल बालबालीकाको संरक्षण, त्यसको सम्मान, त्यसको संवर्दन र त्यसको व्यवस्थापनमा भर पर्ने हुनछ त्यसकारणले भोलीको भविष्यलाई यो देशको भविष्यलाई हामीले राम्रो बनाउनका लगि वास्तवमा यो कुरा महत्वपुर्ण कुरा हो त्यसकारणले हुन त हामी सँग मझौला कानुनहरु धेरै छन बिगतमा जस्तै १४ बर्ष मुनीका बालबालीकाहरुलाई जोखिम युक्त काममा लगाउन नपाइने हनी आइएलओ सन्धिका सवालहरु छन त्यसकारणले यिनी यि भयका कानुन जो छन तिनको पनी सोधखोज तिनको पनी अनुगमन र नीयमन नभयर कारणले पनी समयमा लागु हुन नसक्ने अहिले पनी अब बालबालीकाको स्थिति अझै दयनीय छ जुन बालबालीकाहरुलाई संरक्षण गर्ने नाममा संस्थाहरु खोलीयाका छन यिनीहरुले पनी सहि ढङ्गबाट व्यवस्था गर्न  अवस्था छैन त्यसकारणले यो विधेयकले जुन हाम्रो संविधानले व्यवस्था गरेको बालबालीका सम्बन्धि अधिकार छ यलाई सुनीश्चित गर्नको लागि यलाई व्यवहारीक ढङ्गले लागु गर्नको लागि यो सुदुरपश्चिम प्रदेशको सरकारले भोली गयर हामी सुदुरपश्चिममा यस क्षेत्रमा बालबालीकाको क्षेत्रमा बच्चाहरुको अधिकारमा सम्मान गर्ने यिनीहरुको संरक्षण गर्ने सहि ढङ्गबाट स्वास्थ्य शिक्षाहरुको व्यवस्थापन गर्ने लगायतका बिषयहरु

त्यसमा समेटिनु पर्छ र यहि तिरकाबाट अब यो विधेयकलाई अझै यलाई परीस्कृत गर्नाको लागि अजै यलाई राम्रो बनाउनका लागि विषयगत समीतिमा पठाउने कुरी रहेको छ त्यसकारणले यसमा दफावार छलफलमा यि कुराहरु सबै हेर्नुपर्ने कुराहरु छनयसकारणले हामी समयमा बनाईसकेका विधेयकहरुलाई लागु पनी गर्नुपर्ने हुन्छ हामीले बिगतमा धेरै विधेयकहरु नीर्माण गर्यौं प्रदेश सरकारेल धेरै नीयमहरु गरेको छ यिनलाई पनी लागु गर्नुपर्छ भन्ने मेरो मान्यता रहेको छ बिगतमा हामीले मैले सुनेको कुरा प्रसङ्ग बहस आयो यकल महिलाको भत्ता अहिले सरकारले काट्नेको सुनुन आयको छ मलाई लाग्च यो गर्नुहुदैन किनभने यो परम्परागत हिसाबले राकिसकेको कुरालाई यकल महिला को भत्ता काटनुहुदैन ६० बर्षमा पुगाउने कुरो भैराखेको छ किनभने यो परम्परा ल्याईसकेपछि कित हामीले गर्नु थियन अब यो मुलुकमा बिधुवाहरुको पिडालाई यउटा राज्यले संवोधन गरेको थियो त्यलाई पनी अब यो व्यवस्थित तरीकाले पियर आउनुपर्छ भन्ने मेरो मान्यता हो त्यसकारणले बालबालीकाका पनी यो भविष्यको यउटा कर्णाधार भविष्यको सम्पति देशको सम्पति भयको हुनाले यसलाई हामीले यो विधेयकमा बालबालीका सम्बन्धि हकलाई सुरक्षित गर्नाको लागि यो बिधेयकलाई परीमार्जित गर्नको लागि बिषयगत समीतिमा पठाईनु पर्छ भन्ने सुझाबका साथै आफ्नो मन्तब्य यहि राख्न चाहान्छु, धन्यबाद । नमस्कार ।

७. माननीय सदस्यहरु,

**"प्रदेशबालबालीकासम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथिको सामान्य छलफलमा बोल्ने समय यही समाप्त हुन्छ ।

८. माननीय सदस्यहरु,

अब म, सामाजिक विकास मन्त्री माननीय कृष्णराज सुवेदीलाई **"प्रदेश बालबालीका सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथिको सामान्य छलफलमा उठान भएका प्रश्नहरुको जवाफ दिन समय दिन्छु।

माननीय सभामुख महोदय प्रदेश बालबालीका सम्बन्धि व्यवस्था गर्न बनेको विधेयक २०७६ माथि माननीय ज्युहरुबाट असाध्यै महत्वपुर्ण सुझाबहरु आयका छन आजका बालबालीका भोली देश हाक्ने, देशलाई सहि मार्गमा डोर्याउने सभ्य र ईमान्दार नागरीक बन्न सक्छन त्यसैले बालबालीकालाई त्यो वातावरण सिर्जना गर्नु पर्छ त्यो वातावरण अनुसार सरकारले पनी केहि काम गर्नुपर्छ भन्ने गरीदिनु पर्छ भन्ने जुन माननीय ज्युका अमुल्य सुझाव आय बिशेस गरी माननीय महेस दत्त जोशिलाई धेरैधेरै धन्यबाद दिन चाहान्छु । उहाले यसमा केहि कमी भयका कुराहरुलाई पनी औंल्याईदिनु भएको छ यसलाई हामी अजै परीस्कृत गरेर यलाई समेटेर यस क्षेत्रका बालबालीकाको अधिकारको सम्मान गर्ने संरक्षण गर्ने पर्वर्धन गर्ने बालबालीकाको हकको संरक्षण गरी शारीरीक मानसिक बौदिक बिकासको क्रममा समग्र सुदुरपश्चिम भित्रका बालबालीकाई

न्यायोचित रुपमा अगाडि बढाउने र कोहि पनी अनाथ बालबालीका सडकमा अलपत्र पर्न नपरोस त्यसले पनी सम्मानीत रुपमा जिवन जीउन पाओस भन्ने उदेश्यका साथ यो विधेयक ल्याइयको थियो यसमा मननीय ज्युहरुले जुन अमुल्य सुझाब दिनु भो यसका लागि माननीय ज्युहरुलाई धन्यबाद दिदै यो विधेयकलाई अजे परीस्कृत र अजे राम्रो बनार अगाडि लैजानका लागि सरकार तयार छ भन्ने कुराहरु यहाहरुको बिचमा राख्दै बिदा हुन्छु, धन्यबाद ।

९. माननीय सदस्यहरु,

अबम,सामाजिक विकास मन्त्री माननीय कृष्णराज सुवेदीलाई **"प्रदेश लबालीका सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७६"** लाई दफावार छलफलको लागि प्रदेश सभा नियमावली,२०७४ को नीयम १०८ को उपनीयम (१) को देहाय खण्ड (ख) बमोजिम सामाजिक विकास समीतिमा पठाईयोस् भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, प्रदेश बालबालीका सम्बन्धि व्यवस्था गर्न बनेको विधेयक २०७६ लाई दफावार छलफलको लागि प्रदेश सभा नियमावली, २०७४ को नीयम १०८ को उपनीयम १ को देहाय खण्ड ख बमोजिम सामाजिक समीतिमा पठाइयोस भनी प्रस्ताव पेश गर्दछु, धन्यबाद ।

१०. माननीय सदस्यहरु,

अब म, सामाजिक विकास मन्त्री माननीय कृष्णराज सुवेदीले पेश गरेको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ"भन्नुहोस्।

("हुन्छ"भनेपछि)

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न"भन्नुहोस्।

("हुन्न"भनेपछि)

“हुन्न” भन्ने आवाज सुनीएन तसर्थ "प्रदेश बालबालीका सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७६"लाई दफावार छलफलको लागि सामाजिक विकास समीतिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

११. माननीय सदस्यहरु,

**"प्रदेशबालबालीकासम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथिको आजको कारबाही यही समाप्त हुन्छ ।

१२. माननीय सदस्यहरु,

अब,**"सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७"** माथिको कारबाही प्रारम्भ हुन्छ ।

१३. माननीय सदस्यहरु,

अब, भौतिक पूर्वाधार विकास मन्त्री माननीय पठान सिंह बोहरालाई **"सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७"** माथि प्रदेश सभा नीयमावली, २०७४ को नीयम १०७ बमोजिम सामान्य छलफल गरीयोस् भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्नबन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७७ माथि प्रदेश सभामा प्रदेश सभा नीयमावली २०७४ को नीयम १०७ बमोजिम सामान्य छलफल गरीयोस भनी यो प्रस्ताव पेश गर्दछु धन्यबाद

१४. माननीय सदस्यहरु,

अब म **"सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७"**माथि सामान्य छलफल गरीयोस् भन्ने प्रस्तावलाई नीर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ"भन्नुहोस्।

("हुन्छ"भनेपछि)

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न"भन्नुहोस्।

("हुन्न"भनेपछि)

“हुन्न” भन्ने आवाज सुनीएन तसर्थ "सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७" माथि सामान्य छलफल गरीयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

१५. माननीय सदस्यहरु,

अब, प्रदेश सभा नीयमावली, २०७४ को नीयम १०७ बमोजिम **"सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७"**माथिको सामान्य छलफलको समय प्रारम्भ हुन्छ।छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल गरीनेछ।विधेयकको मनसाय स्पष्ट पार्न बाहेक विधेयकका दफाहरू माथि छलफल गरीने छैन । छलफलमा भाग लीने प्रत्येक माननीय सदस्यहरुका लागि ५ मीनेटको समय नीर्धारण गरेको छु ।

**सर्वप्रथम माननीय मान बहादुर धामीलाई समय दिन्छु ।**

माननीय सभामुख महोदय, सुदुरपश्चिम प्रदेश सरकारले अनुसन्धान तथा प्रतिष्ठान सम्बन्धमा बनेको विधेयक पेश गरेको छ । यो विधेयक आफ्नो ठाउमा धेरै महत्वपुर्ण भूमिका राख्दछ जस्तो मलाई लाग्छ । यसमा स्थानीय तहका पदाधिकारी, प्रदेशका पदाधिकारी मनोनीतहरु लगायत

कर्मचारीहरुलाई समेत उनीहरुको बृद्धिबिकासको लागि र अनुसन्धान जस्ता कार्यहरुको लागि बिशेस जोड दियको छ र यो प्रतिष्ठानले अगि मुख्यमन्त्री जिका भाषणाम पनी यि कुराहरु आयका थिय यो भ्रष्टाचारले धेरै ठुलो जरो गाडेको यो समाजमा भ्रष्टाचार मुक्त गर्नाको लागि नीर्वाचित पदाधिकारी हुन मनोनीत हुन अथवा कर्मचारी हुन उनीहरुको बृदिबिकासका लागि यो विधेयकले बिशेस ध्यान दिने छ भन्ने मलाई लागेको छ यहा हामीले कस्तो देखेका छौ भनेपछि विशेस गरेर नेपालमा कर्मचारीहरुको आय भन्दा उनीहरुको खर्च बढि भैराखेको छ अथवा उनीहरुको दैनीकि जिवन सञ्चालान गर्नको लागि जुन प्रकारको उहाहरुको आय हुनुपर्ने त्यो आयमा सायद कमी च कि जस्तो पनी लाग्छ यउटा भ्रष्टाचारको मुल जरो यि कुराहरु बाहेक यो विधेयकले दियका केहि कुराहु यो सिपबिकासका कुराहरु ज्ञानका कुराहरु अनुसन्धानका कुराहरु धेरै कुराहरु हामीले आफुले जान्नुपर्ने सिक्नुपर्ने हुन्छ र धेरै कुराहरु हामीलाई अनुभवले आउछन ति अनुभवका कुराहरु पनी हाम्रो प्रशिक्षणमा प्रशिक्षण लीने क्रममा हामीलाई धेरै सोहिग हुन्छन र त्यलाई पनी हामीले यउटा विशेस जोरका साथ लीनुपर्ने हुन्छ यसको सँगसँगै यो प्रतिष्ठानले मेरो बिचारमा यो जनशक्तिको बिकास व्यवसायिक ज्ञान सिप क्षमता बृदि आदि ईत्यादि दियको छ यउटा सानो कुरा म आफ्नो तर्फबाट यउटा सुझाब के दिन चाहान्छु भने पछि यो प्रतिष्ठानले त्यसको सँगसँगै संवैधानीक र कानुनी प्रशिक्षण पनी यले दियको खण्डमा कानुनी जटिलताहरु कानुनी प्रकृयाका बारेमा यसले प्रतिष्ठानले जसजसलाई सहयोग गर्न खोजेको छ चाहेको छ त्यसले उहाहरुले झन मदत गर्ने छ जस्तो मलाई कागेको छ र यो प्रतिष्ठानका काम कर्तब्यहरु मैले सर्सर्तिहेर्दा खेरी धेरै उपयुक्त छन र यो प्रतिष्ठान स्थापना भैसकेपछि यसले तत्कालै काम शुरु गर्नु पर्ने जस्तो मलाई किनभने पछि यो अहिले बालबालीका सम्बन्धि विधेयक आयो लोकसेवा को विधेयक पनी आइराखेको छ तुरुन्तै यो कुनै कम छैन मेरो बिचारमा त यि तिनमा यो अलीकति बृदिबिकासका लागि पनी सिपबिकासका लागि पनी र आफ्नो व्यक्तिगत उसको बिकासका लागि पनी यो महत्वपुर्ण भयकोहुनाले म यो विधेयकलाई यहा प्रस्तुत गरेकोमा म सरकारलाई धन्यबाद दिन चाहान्छु र यलाई बिषयगत समीतिमा पठाउनको लागि आग्रह गर्दै बिदा हुन्छु, धन्यबाद ।

(क) माननीय डिल्ली राज पन्त

१६. माननीय सदस्यहरु,

**"सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७"**माथिको सामान्य छलफलमा बोल्ने समय यही समाप्त हुन्छ ।

१७. माननीय सदस्यहरु,

अब म, भौतिक पूर्वाधार विकास मन्त्री माननीय पठान सिंह बोहरालाई **"सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७"** माथिको सामान्य छलफलमा उठान भएका प्रश्नहरुको जवाफ दिन समय दिन्छु ।

माननीय सभामुख महोदय, प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७७ संसद समक्ष प्रस्तुत भैसकेको छ र यो विधेयक खासगरी कन हाम्रो स्थानीय तह र प्रदेश तहका जन नीर्वाचित पदाधिकारी हरु र तहमा क्रियाशिल कार्यरत कर्मचारीहरुको सिप, ज्ञान र क्षमताको अभिबृदि गर्ने तिनको क्षमता, सिप, ज्ञान बढाउने र त्यसका नीम्ति यउटा प्रशिक्षणको आवश्यकता पर्दछ र त्यो प्रशिक्षणका बिषय बस्तुहरु माथि अध्ययन गर्ने अनुसन्धान गर्ने बिशेलेषण गर्ने यावत थुप्रै बिषय बस्तुमा प्रशिक्षण दिनका नीम्ति यउटा विधेयक को जरुरत पर्दछ र समग्रमा हाम्रा कामहरुलाई हाम्रा क्रियाकलापहरुलाई हाम्रा कामकाजहरुलाई अगि बढाउन प्रभावकारी बनाउन यसले अत्यन्त महत्वपुर्ण भुमीका नीर्वाह गर्दछ र त्यसको खाचो भयको कारणले त्यसको आवश्यकता भयको कारणले यो विधेयक लाई अगाडि बढाउन पर्ने आवश्यकता महसुस भयर प्रदेश सरकारले यहा छलफल को लागि सदनमा पेश गरेको छ र यस समबन्धमा यहा माननीय ज्युले जुन आफ्नो यउटा महत्वपुर्ण राय प्रस्तुत गर्न भयको छ यो विधेयकको अत्यनत आवश्कता छ हाम्रा प्रदेशका हाम्रो स्थानीय तहका जनप्रिनीधिहरु कर्मचारीहरुको सिपक्षमता बढाउनका नीम्ति त्यसले काममा सकारात्मक प्रभाव बढाउनका नीम्ति त्यो प्रभाव छाड्नका नीम्ति यो विधेयकको आवश्कता महसुस गरी जुन सुझाब अत्यन्त महत्वपुर्ण राय राखु भाको छ म यसका नीम्ति माननीय ज्युलाई धेरै धेरै धन्यबाद भन्दै म आफ्नो भनाई यहि टुङ्ग्याउछु, धन्यबाद ।

१८. माननीय सदस्यहरु,

अबम,भौतिक पूर्वाधार विकास मन्त्री माननीय पठान सिंह बोहरालाई **"सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७"** लाईदफावारछलफलकोलागिप्रदेशसभानीयमावली,२०७४ को नीयम १०८ को उपनीयम (१) को देहाय खण्ड (ख) बमोजिम विधायन तथा प्रदेश मामीला समीतिमा पठाईयोस् भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७७ लाई दफावार छलफलको लागि प्रदेश सभा नीयमावली २०७४ को नीयम १०८ को उपनीयम १ को देहाय खण्ड खबमोजिम बिधायन तथा प्रदेश मामीला समीतिमा पठाउयोस भनी प्रस्ताव प्रस्तुत गर्दछु धन्यबाद

१९. माननीय सदस्यहरु,

अब म, भौतिक पूर्वाधार विकास मन्त्री माननीय पठान सिंह बोहराले पेश गरेको प्रस्ताव नीर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा

हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ"भन्नुहोस्।

("हुन्छ"भनेपछि)

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न"भन्नुहोस्।

(हुन्न"भनेपछि)

"हुन्न" भन्ने आवाज सुनीएन तसर्थ "सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७" लाई दफावार छलफलको लागि विधायन तथा प्रदेश मामीला समीतिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणागर्दछु ।

२०. माननीय सदस्यहरु,

**"सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७"** माथिको आजको कारबाही यही समाप्त हुन्छ ।

२१. माननीय सदस्यहरु,

अब,"प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" माथिको कारबाही प्रारम्भ हुन्छ ।

२२. माननीय सदस्यहरु,

अब, आन्तरीक मामीला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहको तर्फबाट सामाजिक विकास मन्त्री माननीय कृष्णराज सुवेदीलाई "प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" माथि प्रदेश सभा नीयमावली, २०७४ को नीयम १०७ बमोजिम सामान्य छलफल गरीयोस् भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, प्रदेश लोकसेवा आयोग ऐन २०७६ लाई शंशोधन गर्न विधेयक माथि प्रदेश सभा नीयमावली २०७४ को नीयम १०७ बमोजिम  सभामा सामान्य छलफल गरीयोस भनी यो प्रस्ताव पेश गर्दछु, धन्यबाद ।

२३. माननीय सदस्यहरु,

अब म, "प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" माथि सामान्य छलफल गरीयोस् भन्ने प्रस्तावलाई नीर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ"भन्नुहोस्।

("हुन्छ"भनेपछि)

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न"भन्नुहोस्।

("हुन्न"भनेपछि)

“हुन्न” भन्ने आवाज सुनीएन तसर्थ "प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको

विधेयक" माथि सामान्य छलफल गरीयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

२४. माननीय सदस्यहरु,

अब, प्रदेश सभा नीयमावली, २०७४ को नीयम १०७ बमोजिम "प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" माथिको सामान्य छलफलको समय प्रारम्भ हुन्छ। छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल गरीनेछ। विधेयकको मनसाय स्पष्ट पार्न बाहेक विधेयकका दफाहरू माथि छलफल गरीने छैन । छलफलमा भाग लीने प्रत्येक माननीय सदस्यहरुका लागि ५ मीनेटको समय नीर्धारण गरेको छु ।

**सर्वप्रथम माननीय पूर्णा जोशी लाई समय दिन्छु ।**

माननीय सभामुख महोदय, प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाई शंशोधन गर्न बनेको विधेयक २०७७ सभा समक्ष प्रस्तुत भयको छ गत आर्थिक बर्षको २/१२ गते आन्तरीक मामीला तथा कानुन मन्त्रीज्युले सभा समक्ष टेबुल गर्नु भएको विधेयक चौथो अधिवेशन को ३१औं बैठकबाट यो विधेयक पारीत भयको थियो अर्थात १ बर्ष पहिला प्रदेश लोकसेवा आयोगको गठन काम कर्तब्य अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक कानुनका रुपमा पारीत भएको थियो । यो १ बर्षको अवधिमा प्रदेशको लोकसेवा आयोग गठन हुन सकेन यकातिर प्रदेशमा जनशक्तिको अभाव छ । कर्मचारी समायोजन हुदाखेरी रोजाईको प्रदेश सुदुरपश्चिम प्रदेश हुन सकेको छैन स्थानीय तहमा कर्मचारी अभाचछ अर्को तर्फ हाम्रो अधिकार क्षेत्र भित्र पर्ने प्रदेशको लोकसेवा पनी हामीले गठन गर्न सकेनौ गठन भैसकेको गठन गर्नको लागि बनेको कानुन पनी १ बर्ष बिलम्व भयो यसको लागि शंशोधन ऐन माथिको शंशोधन दर्ता भयको छ ढिलै भयपनी यो सकारात्मक कुरा हो हामीले प्रदेशको लोकसेवा आयोग गठन गर्ने सम्बन्धि विधेयकमा छलफल गरीरहदा केरी उठान गरेका कतिपय बिषयहरु शंशोधनले समावेस गरेको छ अथवा रीयलाईज गरेको बिषय छ हामीले भनेका थियौ नेपालको संविधान २०७२ नेपालमा भयका बिभिन्न परीवर्तनको मुल भनेको समावेशि समानुपातिक प्रणालीलाई स्विकार्नु पर्च भन्ने कुराहरु हरेक कानुनहरुको यउटा आत्मा बन्नुपर्छ प्रदेशको लोकसेवा आयोगले त्यो स्विकार गरी नसकेको अवस्था थियो हामीले बोल्ने क्रममा पनी ति कुराहरु राखेका थियौ दफावार छलफलमा पनी ति कुराहरु उठान भयका थिय तर त्यो हुन नसकेपछि त्यसैमा शंशोधन गर्नाको लागि समानुपातिक समावेशिका कुराहरु यो अहिलेको शंशोधनले ल्याको छ ढिलै भयपनी यो सकाररत्मक कुरा हो भन्ने मलाई लाग्छ अब यो विधेयक छलफल भैसकेपछि विधायक छलफल तथा प्रदेश मामीलामा जान्छ दफावार छलफलमा त्यसमा बिस्तृत रुपले छलफल गरीकन सरकारले यो कानुनलाई तत्काल यसका आवश्यकहरु विधि कार्यविधि नीर्देशिकाहरु नीयमावलीहरु केके बनाउनुपर्छ जे आवश्यक छ तत्काल बनायर प्रदेशको लोकसेवा आयोग गठन गर्नु पर्छ र यउटा प्रतिष्पर्धि

जनशक्तिहरु यो प्रदेश बाट प्रतिषप्रधि जनशक्तिहरु तयार गर्ने र यो प्रदेशका बिभिन्न तहमा आवश्यक पर्ने कर्मचारीको पदपुर्ति यले गर्नुपर्छ भन्ने कुराहरु मलाई लाग्छ अर्को खड्कियको विषय भनेको हामीले कतिपय कानुन नीर्माण गरेका छौ नीति नीर्माण नभईकन कानुन नीर्माण भयका छन र यो पछिल्लो समय सम्बन्धित विषयगत मन्त्रालयले प्रदेश सबाले सवैले यउटा महसुस गरेको विषय छ त्यसैले गर्दा खेरी कुनैपनी विधेयकहरु तयार गर्नु पहिला यो सवै बिषयगत मन्त्रालयल माननीय मन्त्री ज्युहरुको पनी म ध्यानाकर्षण गराउन चाहान्छु पुर्ववत छलफल गर्दाखेरी कुनै कुराहरु बिग्रिदैन त्यसैले गर्दाखेरी बिज्ञहरुका सुझाबहरु प्रदेश सभाका मान्य ज्युहरुकका सुझाब पनी पुर्व विधेयकका छलफलका क्रममा यउटा यहाहरुले समावेश गरीदिनु भो भने प्रदेश सभामा पनी सजिलो हुन्छ त्यसमा अपरीपक्वता पनी हुदैन हामी सिक्ने क्रममा छौ यो कुराहरुलाई स्विकार गर्नु पर्छ भन्ने मलाई लाग्दछ अर्को कुराहरु मैले यो विधेयक का सम्बन्धमा माननीय आन्तरीक मामीला तथा कानुन मन्त्री ज्युले जुन यो विधेयक टेबुल गर्नुभाको छ तत्काल यो कुराहरुलाई यो विधायन प्रदेश मामीलामा यो  छलफलका क्रममा जान्छ यसम दफावार छलफलमा अब दफावार छलफलका क्रममा जस्तो प्रदेश सभामा छलफलमा उठान गर्दखेरी सैदान्तिक विषयमा छलफल गर्दाखेरी ३\४ जना माननीय ज्युले बढिमा ३ जना माननीय ज्युहरुले सहभाहि हुन पाउनुहुन्छ बिषयगत समीतिमा गैसके पनी त्यो प्रकृया त्यो छलफल हरु समीति भित्र त पर्याप्त छलफल हुन्छ तर सवैको सहभागिता त्यहा भित्र रहदैन दफावार छलफलका क्रममा प्रदेश सभामा आईसकेपछि पनी त्यसको त्यति अर्थ रहदैन किनबने प्रतिवेदन पेश भयको हुन्छ प्रतिवेदन लाई मुख्य केन्द्रमा राखिकन हाम्रा विधेयकहरु पारी हुन्छन तसर्थ बढि भन्दा बढि माननीय ज्युहरुको सैदान्तिक विषयको छलफलको क्रममा पनी बोल्नदिनपर्छ विषयगत  समीतिमा पनी छलफलमा ल्याउनुपर्छ पुर्ववत छलफल पनी गर्नुपर्छ त्यसपश्चात यो अलीकति मेच्युड कानुनहरु परीपक्व कानुनहरु हाम्रो प्रदेश सभाले नीर्माण गरेको मानीन्छ तसर्थ यता तर्फ वै माननीय मन्त्री ज्युहरुको ध्यानाकर्षण हुनुपर्छ भन्ने कुरा राख्दै यो ढिलै भयपनी यो विधेयक यो ऐनको शंशोधन प्रदेश सभामा आयको छ यसलाई पुर्ण रुपमा प्रदेश यो आर्थिक वर्ष भित्र जतिसक्दो चाडों प्रदेश सभाको गठन गरीकन प्रदेश सभामा प्रदेशमा आवश्यक पर्ने कर्मचारीको पद पुर्तिको नीमीत अब बिलम्व हुने छैन भन्ने कुराहरु राख्दै म मेरा भनाईहरु राख्दै अन्त्य गर्छु धन्यबाद

**माननीय टेक बहादुर रैका आउजी**

माननीय सभामुख महोदय, प्रदेश लोकसेवा आयोग लगभग १ बर्ष अगाडि यस गरीमामय सदनबाट पास भैसकेको र त्यसमासमानुपातिक शब्द छुटेको र विधायन समीतिमा पेश गरेको लेखाईका कारण भो अथावा कुन जालबाट त्यो समानुपातिक सब्द काटियकोथियो त्यसमा हामी समानुपातिक

शब्द प्रति आस्तावान समुदायहरु धेरै दुखि यो शब्द किन हट्यो भन्ने कुरामा म माननीय सभामुख मार्फत जानकारी गराउन चाहान्छु नेपालको संविधान २०७२ भाग ३ ग धारा ४२ मा सामाजिक न्ययको हकमा सामाजिक रुपले पछाडि परेका महिला दलीत आदिवासि जनजाति मधेसि थारु अल्पसंख्यक अपाङ्गता भयका ब्यक्ति सिमान्तकृत मुस्लिम पछाडि परेका बर्ग लैङ्गिक यौनीक तथा अल्पसंख्यक युवा किसान श्रमीक पछाडि परेका क्षेत्रका नागरीक तथा आर्थिक रुपले बिपन्न खसआर्य लाई समावेशि सिदान्त को आधारमा राज्यको सहभागिमा हक हुने  छभन्ने कुरा यउटा लेखेको छ भने दलीत समुदायका लागि संविधानको भाग ३ धारा ४० मा दलीतको हकको बारेमा राज्यको सवै नीकायमा दलीतहरुलाई समानुपातिक समावेशि सिदान्तको आधारमा सहभागिता हुने हक हुने छ सामाजिक सेवा लगायतका रोजगारी तथा अन् क्षेत्रमा पनी दलीत समुदायको शशक्तिकरण र प्रतिनीधित्व गर्ने सहबागिता लाई कानुन बमोजिम विशेस व्यवस्था गरीने छ भनेर लेकियको शब्दमा र यो शब्द छुट्न गयको थियो र अहिले कानुन तथा न्यय मन्त्रालयले यो समानुपातिक शब्द राख्न खोजेको छ यसका लागि सिङ्गो म र पछाडि परेका समुदाय दलीत महिला जनजाति अपाङ्ग असाहाय बिपन्न समुदायका बर्गको भनाई बाट पनी यो मागलाई प्रदेश सरकारले यो शब्द राखोस भन्ने माग पनी गर्न चाहान्छु म समर्थन पनी गर्न चाहान्छु र मान्य सभामुख महोदय सालभरी पछाडि प्रदेस सभाका दैनीक कामकारवाहि हरु ओजेलमा परेका छन कर्मचारीको अभावले र यो लाई सुधार गरेर छिटो लोकसेवा आयोगले यलाई प्रदेश मा लागु गरेर व्यवहारमा कर्मचारी लाई भर्ना गरेर प्शासनीक कामलाई अगाडि बढावस भन्ने पनी चाहान्छु र साथै माननीय सभामुख जि म अली विषय बाहिर पनी जान चाहान्छु भर्खरै मात्र डोटि जिल्ला आदर्श गाउपालीका ताप्लेबाँधमा घनश्याम बि. क को घर राति पहिराले पहिरो नआईकन घरै पुरानो गर ढलेर ४ जना परीवारले सहित ज्यान गुमाई सकेका छन अन्य २\४ जना नजिकको अस्पतालामा भर्ना भयका छन र मृतक आत्मालाई भआवपुर्ण श्रदाञ्जली अर्पण गर्दै उहाको आत्माको चिरशान्तिको कामना गर्दछु र घाईते हरुकोस्वास्थ्य उपचारको पनी कामना गर्न चाहान्छु यसै कैलाली जिल्लामा भजनी क्षेत्रमा बाढि पहिरोले २ जनाको ज्यान गयको छ मृतक आत्मा प्रति चिरशान्तिको कामना पनी गर्न चाहान्छु र धनगढि नगरपालीका पहाडि क्षत्रमा पहिरो ले जनधनको क्षति पुर्याको छ भने कैलाली जिल्ला डिबानमा परेको छ म प्रदेश सरकारलाई नीवेदन गर्न के चाहान्छु भने धनगढिको सदरमुकाम प्रदेश सभा भवन आउनेमा त हामी पानीमा डुब्ने स्थिति छ भने बस्तिकोके हालतत होला त्यसैले म नीबेदन गर्न चाहान्छु प्रदेस सरकारले संघिय सरकार सँग वार्ता गरेर यो बस्तको ढल नीकास कहा हो जहा पानी जाने मुहानलाई लालपुर्जा किन दिईयो र त्यो पानीको नीकास किन रोकियो भन्ने कुरामा स्थानीय सरकारसँग प्रदेश सरकारले छलफल गरेर बाढि क्षेत्र मुक्त प्रदेश बनाउनुपर्छ भन्ने कुरा सरकारसँग संघिय सरकार सँग स्थानीय सरकार सँघ वार्ता गरेर

पानीको नीकास र बाढि पिडितमा परेका जनताले सुखमय जिवन बिताउन पावस भन्ने कुरा आफ्ना माग राख्दै बिदा हुन्छु ह्स्त धन्यबाद ।

२५. माननीय सदस्यहरु,

**"प्रदेश लोकसेवा आयोग ऐन, २०७६** लाई संशोधन गर्न बनेको विधेयक" माथिको सामान्य छलफलमा बोल्ने समय यही समाप्त हुन्छ ।

२६. माननीय सदस्यहरु,

अब म, आन्तरीक मामीला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहको तर्फबाट सामाजिक विकास मन्त्री माननीय कृष्णराज सुवेदीलाई "प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" माथिको सामान्य छलफलमा उठान भएका प्रश्नहरुको जवाफ दिन समय दिन्छु ।

माननीय सभामुख महोदय प्रदेश लोकसेवा आयोग २०७६ लाईशंशोधन गर्न बनेको विधेयक माथि सामान्य छलफलमा भाग लीने माननीय ज्युहरुलाई धन्यबाद दिन चाहान्छु सुदुरपश्चिम प्रदेश सरकारले गत बर्ष नै सुदुरपश्चिममा लोकसेवा आयोग मार्फत योग्य सक्षम कर्मचारीहरु आउन र त्यस्ता कर्मचारीहरुबाट सरकारले पनी सेवा लीने छ र सुदुरपश्चिमका जनताले पनी सेवा पाउने छन भन्ने उदेश्यका साथ यो लोकसेवा आयोग ऐन पारीत गरेको थियो यसका बिभिन्न बिषयमा केहि ठाउमा केहि शब्द हरु छुट्न गय र त्यसलाई फेरी समावेश गरेर यो अपुरण हुन गयको विधेयकलाई पुर्णता प्राप्त गर्न अहिले सरकारले फेरी यलाई शंशोधनको रुपमा सम्मानीत सदनमा प्रस्तुत गरेको थियो यस विषयमा आफ्ना अमुल्य सुझाब दिनुहुने माननीय ज्युहरुलाई धन्यबाद दिदै यहाहरुका सुझाबहरुलाई सरकारले ग्रहण गर्दै यो लोकसेवा आयोग ऐन २०७६ लाई पुर्न रुपमा अगाडि बढायर सुदुरपश्चिमा भयका कर्मचारीको अभावलाई सरकारले परीपुर्ति गर्ने छ भन्ने विश्वास दिलाउन चाहान्छु, धन्यबाद ।

२७. माननीय सदस्यहरु,

अबम,आन्तरीक मामीला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहको तर्फबाट सामाजिक विकास मन्त्री माननीय कृष्णराज सुवेदीलाई "प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" लाई दफावार छलफलको लागि प्रदेशसभा नीयमावली,२०७४ को नीयम १०८ को उपनीयम (१) को देहाय खण्ड (ख) बमोजिम विधायन तथा प्रदेश मामीला समीतिमा पठाईयोस् भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय प्रदेश लोकसेवा आयोग ऐन २०७६ लाई शमशोधन गर्न बनेको विधेयकलाई दफावार छलफलको लागि प्रदेश सभा नीयमावली २०७४ को नीयम १०८ को

उपनीयम १ को देहाय खण्ड ख बमोजिम विधायन तथा प्रदेश मामीला समीतिमा पठाइयोस भनी प्रस्ताव प्रस्तुत गर्दछु धन्यबाद

२८. माननीय सदस्यहरु,

अब म,आन्तरीक मामीला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहको तर्फबाट सामाजिक विकास मन्त्री माननीय कृष्णराज सुवेदीले पेश गरेको प्रस्ताव नीर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ"भन्नुहोस्।

("हुन्छ"भनेपछि)

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न"भन्नुहोस्।

("हुन्न"भनेपछि)

“हुन्न” भन्ने आवाज सुनीएन तसर्थ "प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"लाई दफावार छलफलको लागि विधायन तथा प्रदेश मामीलासमीतिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

२९. माननीय सदस्यहरु,

"प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" माथिको आजको कारबाही यही समाप्त हुन्छ ।

३०. माननीय सदस्यहरू,

आजको बैठकको कारबाही यही समाप्त हुन्छ । अर्को बैठक मीति २०७७ साल श्रावण २८ गते बुधबार दिउँसो ३:०० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु।